अर्थ-राजनीतिक दिशानिर्देश

# टकसार

www.taksarnews.com

वर्ष १, अंक ४, साउन २०७८ | Taksar Economic Magazine Vol. 1 Issue 4, July-Aug 2021 | मूल्य रू. २००/-

# आधा अर्थतन्त्र अनौपचारिक !





## कोका-कोला किनबेचमा कर छली !

भारतको कमानी समूह, सिंगापुरको फिजर एन्ड नीभ, दक्षिण अफ्रिकाको गुत्से परिवार र कोकाकोला एटलान्टाबीच बोटलर्स नेपालको ७६ प्रतिशत सेयर किनबेचको चक्र।



## वीरधारादेखि मेलम्चीको पानीसम्म

मेलम्ची आयोजनामा कसले कति श्रेय लिने भन्ने होडबाजीजति चलिरहेका छ, त्यति नै आयोजना लम्ब्याएर यसको आर्थिक लाभ लिनेहरूको खोजी पनि हुन थालेको छ।

# कोका-कोला किनबेचमा कर छली !

सन् १९९३, १९९९, २००४, २०११ र २०१४ मा पटक पटक नेपाल बाहिर गरियो बोटलर्स नेपालको स्वामित्व किनबेच ।

## करछलीको नालीबेली

**भारतको कमानी समूह, सिंगापुरको फिजर एन्ड नीभ, दक्षिण अफ्रिकाको गुत्से परिवार र कोकाकोला एटलान्टाबीच बोटलर्स नेपालको ७६ प्रतिशत सेयर किनबेचको चक्र ।**

**|| गजेन्द्र बुढाथोकी**



सन् १९६० को दशक, नेपालको भूमि भर्खर-भर्खर विदेशीका लागि खुला गरिएको थियो । बेलायत पढेर आएका अधिराजकुमार बसुन्धारा शाहलाई बाह्य खानपिन र संस्कारले उत्तिकै छोएको पनि थियो । नेपालमा पनि विदेशीहरूले पिउने 'कोकाकोला' उत्पादन गर्ने उनको चाहना थियो र २०२९ साल (सन् १९७३ मा) कोकाकोला र अन्य पेय उत्पादन गर्ने कम्पनी, बोटलर्स नेपाल प्रालि दर्ता गराए। यसका तत्कालीन सञ्चालकहरूमा हिमालयविक्रम शाह,

*सन् २००४ मा कोकाकोला कम्पनीले दक्षिण अफ्रिकी व्यापारिक समूह गुत्से परिवारको स्वामित्वमा रहेको कोकाकोला साब्कोलाई बेचेको विषय वार्षिक प्रतिवेदन ।*

NOTES TO CONSOLIDATED FINANCIAL STATEMENTS
*The Coca-Cola Company and Subsidiaries*

**NOTE 2: BOTTLING INVESTMENTS (Continued)**

During 2004, our Company sold our bottling operations in Vietnam, Cambodia, Sri Lanka and Nepal to Coca-Cola Sabco (Pty) Ltd. ("Sabco") for a total consideration of $29 million. In addition, Sabco assumed certain debts of these bottling operations. The proceeds from the sale of these bottlers were approximately equal to the carrying value of the investment.

Effective May 6, 2003, one of our Company's equity method investees, Coca-Cola FEMSA consummated a merger with another of the Company's equity method investees, Panamerican Beverages, Inc. ("Panamco"). Our Company received new Coca-Cola FEMSA shares in exchange for all Panamco shares previously held by the Company. Our Company's ownership interest in Coca-Cola FEMSA increased from 30 percent to approximately 40 percent as a result of this merger. This exchange of shares was treated as a nonmonetary exchange of similar productive assets, and no gain was recorded by our Company as a result of this merger.

In connection with the merger, Coca-Cola FEMSA management initiated steps to streamline and integrate operations. This process included the closing of various distribution centers and manufacturing plants. Furthermore, due to the challenging economic conditions and an uncertain political situation in Venezuela, certain intangible assets were determined to be impaired and written down to their fair market value. During 2003, our Company recorded a noncash charge of $102 million primarily related to our proportionate share of these matters. This charge is included in the consolidated statement of income line item equity income—net

हेलन शाहलगायत दरबारका व्यक्तिहरू थिए । कम्पनी दर्ता भए पनि यसले औपचारिक उत्पादन भने थालिसकेको थिएन । २०३१ सालमा राजा वीरेन्द्रको राज्याभिषेक हुँदा भारतबाट १०० केस (एक केसमा २५ बोतल) कोकाकोला ल्याइएको थियो । त्यसभन्दा करिब एक वर्ष अघिबाटै दरबारको अनुमतिमा खेतान समूहबाट कोकाकोला नेपालमा आयात गर्न थालिएको थियो ।

एकातिर नेपालमा कोकाकोलाको माग बढ्दै गएर वार्षिक १ लाख ५० हजार बोतलसम्म पुगेको थियो भने भारतमा इन्दिरा गान्धी नेतृत्वको सरकारले संकटकाललगत्तै सन् १९७७ मा कोकाकोलाका २६ वटा बोटलिङ प्लान्ट बन्द गर्ने आदेश दिएको थियो । त्यसबेला भारतमा कोकाकोलाको बोटलिङ र बिक्री कारोबार समेत हेर्दै आएको 'स्टिल सिटी बेभरेज, जम्सेधपुर'ले वैकल्पिक उपाय खोज्यो । कम्पनीका सञ्चालक नकुल डी. कमानी, नेपाल आए र विजय धारिवाला तथा स्व. मोहनगोपाल खेतानमार्फत् दरबारियाहरूसँग हेलमेल बढाए । त्यसबेला कमानी २६ वर्षका मात्र थिए भने मोहनगोपाल खेतान पनि चल्तापूर्ता युवा व्यवसायी थिए ।

दरबारसँगको पहलपछि बिसं २०३५ साल चैत १३ गते (मार्च २६, सन् १९७९)मा बोटलर्स नेपाल प्रालिकी तत्कालीन प्रबन्ध-सञ्चालक अधिराजकुमारी हेलेन शाहसँग कमानीले बोटलर्स नेपालमा लगानी गरेर सञ्चालन गर्ने सम्झौता गरे । "दरबारको अनुमति नलिइ स्वदेशी लगानीकर्ताले नै उद्योग सञ्चालन गर्न नपाउने अवस्था थियो भने यो त विदेशी लगानीको कुरा थियो," लामो समयसम्म उद्योग विभागको महानिर्देशक रहिसकेका एक पूर्वप्रशासकले भने, "दरबारसँग के कति अनुपातमा सेयर बाँडफाँट गरेर बोटलर्स नेपाल दर्ता गरियो, बाहिर थाहा हुने कुरा भएन ।"

तत्कालीन समयमा कमानी समूहले बोटलर्स नेपालमार्फत् कोकाकोलाको उत्पादनका लागि 'प्राविधिक र व्यवस्थापकीय सहयोग' गर्ने सहमति भए पनि कमानीले १ करोड भारु (तत्कालीन विनिमयमा १ करोड ३५ लाख रुपैयाँ) लगानी गर्ने सम्झौता गरेको बताएका छन् । लगानीसम्बन्धी सम्झौतापछि स्टिल सिटी बेभरेजले पश्चिम जर्मनीबाट फिल्टर, मिक्सर मगायो भने नयाँ दिल्लीको बन्द गरिएका बोटलिङ कम्पनीहरूबाट 'सेकेन्ड ह्यान्ड'मा अन्य उपकरणहरू झिकाइयो ।

सम्झौता भएको एक वर्ष नबित्दै बोटलर्स नेपाल प्रालिको बालाजुस्थित कारखानाबाट प्रतिमिनेट ८० बोतलका दरले कोकाकोला उत्पादन हुन थाल्यो । त्यति बेला नेपाली बजारमा कोकाकोलाको मूल्य प्रतिबोतल १ रुपैयाँ ४० पैसा थियो भने भने प्रति केस (२४ बोतल)को मूल्य २५ रुपैयाँ थियो ।

"त्यसबेला कोकाकोला कम्पनीका तर्फबाट सरकार र दरबारसँग डिलिङ गर्न धारिवाल नाम गरेका उच्च तहका कर्मचारी थिए । उनी नै 'नजराना' बोकेर दरबारमा बेलाबेलामा पु¥याउन जान्थे," नाम उल्लेख गर्न नचाहने ती पूर्वप्रशासकले भने ।




In 2014, the Company began implementing a new beverage partnership model in North America. During the year ended December 31, 2014, we refranchised territories that were previously managed by CCR to certain of our unconsolidated bottling partners. The impact of this refranchising has been included as a structural change in our analysis of operating results for the year ended December 31, 2014. In addition, for non-Company-owned and licensed beverage products sold in the refranchised territories, we have eliminated the unit case volume and associated concentrate sales from the base year when calculating 2014 versus 2013 volume growth rates on a consolidated basis as well as for the North America segment. During the year ended December 31, 2014, the Company made a decision to change our process of buying and selling recyclable materials in North America. The impact of these changes has also been included as a structural change in our analysis of operating results. Refer to the headings "Beverage Volume" and "Net Operating Revenues" below. Refer to Note 2 of Notes to Consolidated Financial Statements.

During the year ended December 31, 2014, the Company transitioned its Russian juice operations to an existing joint venture with an unconsolidated bottling partner. This transfer is included as a structural change in our analysis of operating results for our Bottling Investments segment for the year ended December 31, 2014. In addition, we have eliminated the unit case volume and associated concentrate sales from the base year when calculating 2014 versus 2013 volume growth rates on a consolidated basis as well as for our Eurasia and Africa and Bottling Investments segments related to certain brands owned by the Russian juice company that have been discontinued as a result of this transition. Refer to the headings "Beverage Volume" and "Net Operating Revenues" below.

In January 2014, the Venezuelan government enacted a new law ("Fair Price Law") that imposes limits on profit margins earned in the country, which limited the amount of revenue the Company was able to recognize in 2014 as compared to 2013. The impact of the Fair Price Law has been included as a structural change in our analysis of operating results for our Latin America segment for the year ended December 31, 2014. Refer to the heading "Net Operating Revenues" below.

The Company acquired bottling operations in Vietnam and Cambodia in February 2012, bottling operations in Guatemala in June 2012, a majority interest in bottling operations in Myanmar in June 2013, and a majority interest in bottling operations in Nepal and Sri Lanka in October 2014. In January 2013, the Company sold a majority interest in our previously consolidated bottling operations in the Philippines ("Philippine bottling operations"), and in July 2013 the Company deconsolidated our

43

*सन् २०१४ मा कोकाकोला कम्पनी एटलान्टाले कोकाकोला साब्कोबाट स्वामित्व पुनः खरिद गरेर आफ्नो हातमा लिएपछि नेपालको स्वामित्व पनि बेचियो ।*


## लिमिटेड कम्पनीमा परिणत

बोटलर्स नेपालकै मुख्य लगानीमा सन् १९८६ मा बोटलर्स तराई पनि खोलियो । नकुल डी. कमानीको मूल कम्पनी स्टिल सिटी बेभरेज, जयपुरिया समूहले किनेपछि सन् १९९३ मा नेपाली कम्पनी, बोटलर्स नेपालको सेयर स्वामित्व पनि सिंगापुरस्थित कोकाकोलाको बोटलिङ प्लान्ट, फिजर एन्ड नीभ कोकाकोला पिटिइ. लिलाई बेचियो । सिंगापुरको कम्पनीले सन् २००० सम्ममात्रै यहाँको कम्पनीको व्यवस्थापन हेर्‍यो भने सन् २००० देखि कोकाकोला एटलान्टाले सोझै बोटलर्स नेपालको स्वामित्व लियो ।

भने २०६४ साल साउन १३ गते (सन् २००७ मा) यसलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरेर नेपाल स्टक एक्सचेन्जमा दर्ता गरियो । नेपाल स्टक एक्सचेन्जमा पेश गरिएको वर्तमान सेयर संरचनाअनुसार हाल कोकाकोलाको ७६.१६ प्रतिशत सेयर, कोकाकोला साउथ-वेस्ट होल्डिङ्स लिमिटेड, २२ प्रतिशत सेयर गोरखा ब्रुअरी प्रालि र १.८४ प्रतिशत अन्य साधारण सेयरधनीको स्वामित्व छ । यसको सहायक कम्पनी बोटलर्स नेपाल (तराई) लिमिटेडमा ९०.७८ प्रतिशत बोटलर्स नेपालको र ९.२२ प्रतिशत सेयर सर्वसाधारणको छ । यस्तै, कोकाकोलाको व्यापारिक प्रतिष्ठान ट्रोयका ट्रेडर्समा बोटलर्स नेपालको सत प्रतिशत सेयर स्वामित्व छ ।

## नेपाल बाहिरै सेयर किनबेच

कोकाकोलाको नेपालस्थित बोटलिङ प्लान्ट



Coca-Cola BOTTLERS NEPAL LIMITED
(Authorized Bottler of The Coca-Cola Company)

मिति : २०७६।०४।०७

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : अभिलेख गराई पाऊँ ।

नेपाल स्टक एक्सचेन्ज लि.
दर्ता नं.: ७१
मिति: ८।७

महोदय,

उपरोक्त विषयका सम्बन्धमा यस बोटलर्स नेपाल लिमिटेड (कम्पनी) को मुख्य लगानीकर्ता विदेशी कम्पनी Coca-Cola Sabco (Asia) Limited रहेको तहाँ कार्यलयलाई अवगत नै रहेको छ। उक्त विदेशी लगानीकर्ता कम्पनीले मिति 18th June 2015 मा साधारण सभाको निर्णय द्वारा कम्पनीको नाम परिवर्तन गरी COCA COLA SOUTHWEST ASIA HOLDINGS LIMITED कायम गरेको जानकारी गराउन चाहन्छौ। तसर्थ तहाँ कार्यालयको अभिलेखमा उल्लेखित यस कम्पनीको लगानीकर्ताको नाममा कायम रहेको Coca-Cola Sabco (Asia) Limited लाई परिवर्तन गरी COCA COLA SOUTHWEST ASIA HOLDINGS LIMITED कायम गरी अभिलेख गरीदिनुहुन अनुरोध गर्दछु ।

संलग्न कागजात :

१. कम्पनीको नाम परिवर्तन प्रमाणपत्रको प्रतिलिपी .....थान १ ।

२. कम्पनीको साधारण सभाको निर्णयको प्रतिलिपी ......थान १ ।

३. बोटलर्स नेपाल लिमिटेडको मिति 23rd September 2015 को संचालक समितिको निर्णयको प्रति .....थान १ ।

भवदिय
BOTTLERS NEPAL LTD. Reg. No.140
प्रतिमा बर्मा
कम्पनी सचिव



Government of Dubai
Jafza
Jebel Ali Free Zone

CERTIFICATE OF CHANGE IN NAME

This is to certify that


COCA- COLA SABCO ( AISA) LIMITED

Duly formed as a Free Zone Offshore Company and registered in the Offshore Company Register under registration No. OF146 on the 24-February-2004 pursuant to Law and Regulation for 2003, Dubai, U.A.E, hereunder has with effect from 05th day of August, 2015 changed its name to:

COCA COLA SOUTHWEST ASIA HOLDINGS LIMITED

This Certificate is issued to and upon the terms contained in the said Law and Regulation of 2003 (as the same may be varied from time to time) and of any Offshore Company Conditions issued or to be issued by the Jebel Ali Free Zone Authority from time to time and the Certificate issued or to be issued by the Jebel Ali Free Zone Authority in respect of the aforesaid Offshore Company.

Abdulla Mahmood Al Jasmi
VP – Licensing Services
Jebel Ali Free Zone Authority



SHAREHOLDER'S RESOLUTION
OF
Coca- Cola Sabco ( Aisa) Limited
Registration No. OF146 (OFFSHORE Company)
Passed at a meeting held on 18th June, 2015

Regarding Change in Offshore Company's Name

According to the Offshore Companies Regulations 2003, we, being the owner of the above-mentioned Offshore Company, hereby declare that subject to the approval of the Jebel Ali Free Zone Authority, the above mentioned name be changed to the following new name:

New Name

COCA-COLA SOUTHWEST ASIA HOLDINGS LIMITED

With effect from the date of the Certificate of Change of Name issued by the Jebel Ali Free Zone Authority and accept all previous liabilities related to the old name of the above-mentioned Offshore Company.

For: EUROPEAN REFRESHMENTS
MR. TAREK ABDELRHMAN
AUTHORISED SIGNATORY

For official use and Offshore Companies
Registrar Approval
Name of the Registrar:
Sign: Date: / /2015

*कोकाकोला कम्पनीले गुत्से परिवारबाट स्वामित्व किनिसकेपछि मूल स्वामित्व परिवर्तन भएकाले नाम परिवर्तन गराइ पाउन नेपाल स्टक एक्सचेन्जलाई लेखेको चिठ्ठी । कोकाकोला साब्को (एसिया) लिमिटेड सन् २००४ फ्रेबुअरी २४ मा दुबईको करमुक्त क्षेत्र (फ्रिजोन)मा अफसोर कम्पनीका रूपमा दर्ता भएको देखिन्छ ।*

नेपालको कम्पनी ऐनअनुसार उद्योग विभागमा दर्ता भएको र नेपाल स्टक एक्सचेन्जमा समेत सूचीकृत भइसकेको कम्पनी भए पनि विगत लामो समयदेखि नै नेपाल बाहिरै यसको स्वामित्व किनबेच हुने गरेको र त्यसबापत नेपाललाई प्रचलित कानुनअनुसार तिर्नुपर्ने कर र अन्य दायित्वसमेत तिर्ने नगरेको पाइएको छ ।

भारतको कमानी समूहले सन् १९९३ मा बोटलर्स नेपालको बहुमत स्वामित्व सेयर सिंगापुरको फिजर एन्ड निभ लिमिटेडलाई बेच्यो भने कोकाकोला लिमिटेडले सन् १९९९ मा फ्रेजर एन्ड निभको ७५ प्रतिशत सेयर किनेपछि नेपालसहित सिंगापुर, भियतनाम, ब्रुनाइ, पाकिस्तान, श्रीलंका र कम्बोडियाको सञ्चालन स्वामित्व पूरै आफ्नो हातमा लियो ।

दक्षिण अफ्रिकाको गुत्से परिवारले दुबईमा सन् २००४ फेब्रअुरी २४ मा ‘कोकाकोला साब्को (एसिया) लिमिटेड नामको अफसोर कम्पनी स्थापना गरी नेपालसहित भियतनाम, कम्बोडिया र श्रीलंकाको कम्पनी कुल २ करोड ९० लाख अमेरिकी डलरमा किनेको थियो ।

अमेरिकी कोकाकोला कम्पनीले आफ्नो ७६ प्रतिशत सेयर कोकाकोला साब्को पिटिई लिमिटेडलाई १ करोड ४० लाख अमेरिकी डलरमा बेचेको एक वर्षपछि २०६१ मा मात्र राष्ट्र बैंकलाई यसबारे जानकारी दिइएको थियो।

जुन कारोबारमा लाग्ने पुँजीगत लाभकर पछि लुम्बध्वज महतको अध्यक्षतामा रहेको कर फछ्र्योट आयोगमार्फत थोरैमात्र कर तिरेर मिलान गरिएको थियो । त्यसबेला बोटलर्स नेपालले तिर्नुपर्ने कुल कर ६६ करोड ५० लाख ८१ हजार ६९१ रुपैयाँमध्ये चुडामणि शर्मासमेत सम्मिलित आयोगले २३ करोड रुपैयाँ तिर्नुपर्ने ठहर गरी बाँकी साढे ४३ करोड रुपैयाँ मिन्हा गराइदिएको थियो ।

“ बहुराष्ट्रिय कम्पनी भए पनि बोटलर्स नेपालले आफ्नो स्वामित्व किनबेच भएको विषयमा औपचारिक जानकारी दिनेभन्दा फरक जानकारी दिएर नेपाली नियामक अधिकारीहरूलाई छलछाम गर्ने गरेको पाइएको छ। ”

## फेरि नेपाल बाहिरै बेचियो सेयर

सन् २००४ मा दक्षिण अफ्रिकाको गुत्से परिवारले आफ्नो स्वामित्वको सेयर बेचेर बाहिरियो । कोकाकोला कम्पनी एटलान्टाले सन् २०१४ अक्टोबरमा नेपाल र श्रीलंकाको बहुमत सेयर किनेको कम्पनीको आधिकारिक प्रतिवेदनले देखाएको छ। तर, यस विषयमा न कोकाकोला कम्पनीले, न त बोटलर्स नेपाल लिमिटेडले नै कुनै औपचारिक जानकारी नेपाली सरकारी अधिकारीहरूलाई दियो।

यसअघि, नेपालको मुख्य साझेदार खेतान समूहले सन् २०११ (२०६८ साल) मा आफ्नो अधिकांश सेयर गोरखा ब्रुअरीलाई बेचेको थियो।

खेतान ग्रुपले प्रतिसेयर १६९० रूपैयाँका दरले आफ्नो स्वामित्वमा रहेको ४ लाख २८ हजार ८०५ सेयर ७२ करोड ५१ लाख रूपैयाँमा बेचेको थियो । सरकारले पुँजीगत लाभकर १५ प्रतिशतबाट घटाएर १० प्रतिशतमा झार्ने बित्तिकै खेतान ग्रुपले कोकाकोलामा रहेको स्वामित्व बेचेको हो। गोरखा ब्रुअरीमा यसअघि कार्ल्सबर्ग इन्टरनेसनलको ५० प्रतिशत सेयर रहेकोमा खेतान समूहले आफ्नो स्वामित्वको थप ४० प्रतिशत पनि कार्ल्सबर्ग इन्टरनेशनलाई बेचेपछि अहिले ९० प्रतिशत सेयर कार्ल्सबर्ग साउथ एसिया पीटीइको स्वामित्वमा छ । यो कारोबार नेपालभित्रै, नेपाल स्टक एक्सचेन्जकै माध्यमबाट भएको थियो र यसबापत लाग्ने पुँजीगत लाभकर पनि तिरिएको थियो । अहिले बोटलर्स नेपालमा गोरखा ब्रुअरीको २२ प्रतिशत सेयर स्वामित्व छ ।

कम्पनीको बहुमत अर्थात् ७६.१६ प्रतिशत सेयर नेपाल बाहिरै किनबेच भएको र यसबापत नेपाल सरकारलाई तिर्नुपर्ने पुँजीगत लाभकरसहित अन्य कर र दस्तुरहरू नतिरिएपछि राजस्व अनुसन्धान विभागले २०७७ मंसिर २३ गते १ बजे कोकाकोलाको प्यारेन्ट कम्पनी बोटलर्स नेपाल लिमिटेडमा छापा मारेर सम्पूर्ण महत्वपूर्ण दस्तावेज, कम्प्युटर हार्डडिस्क, ल्यापटप कब्जामा लिएर अहिले अनुसन्धान गरिरहेको छ ।

## कागजातमा छलछाम

बहुराष्ट्रिय कम्पनी भए पनि बोटलर्स नेपालले आफ्नो स्वामित्व किनबेच भएको विषयमा औपचारिक जानकारी दिनेभन्दा फरक जानकारी दिएर नेपाली नियामक अधिकारीहरूलाई छलछाम गर्ने गरेको पाइएको छ ।

राष्ट्र बैंकबाट प्राप्त विवरणअनुसार बोटलर्स नेपाल लिमिटेडले २०७४ साउन २६ गते

बोटलर्सको स्वामित्वधारी सिंगापुरको एफएन्डएन (फिजर एन्ड निभ) कोकाकोला पिटिइ लि.को सेयर दुबईस्थित कोकाकोला साब्को एसिया लिमिटेडलाई बेचिएको हुँदा विदेशी लगानी लेखांकन गरिदिन भन्दै पत्र लेखेको थियो ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०७५ वैशाख ८ गते राष्ट्र बैंकसँग थप राय मागियो, जबकी राष्ट्र बैंकले त्यसअघि नै कम्पनी रजिष्ट्रारको कार्यालयबाट आवश्यक अतिरिक्त जानकारीको माग गरेर पत्राचार भएको थियो ।

## लाभांश फिर्ता लैजान रोक

बोटलर्स नेपालका रहेको ७६.१७ प्रतिशत स्वामित्व सन् २००४ देखि नै चलाखीपूर्ण तरिकाले बारम्बार कोकाकोला, साउथ वेस्ट होल्डङ्स लिमिटेड (साब्को) र फेरि कोलकाकोलाकै बीचमा किनबेच भइरहेको खेलपछि राष्ट्र बैंकले कम्पनीको लाभांश फिर्ता लैजानबाट रोकेको छ ।

दुवै निकायबाट मागिएका सेयर स्वामित्व किनबेचसम्बन्धि थप दस्तावेजहरू बोटलर्स नेपालले प्रस्तुत गर्न नसकेपछि राष्ट्र बैंकले आव २०७४/७५ यताका लाभांश फिर्ता लैजानबाट रोकेको हो ।

## सेयर बजारलाई पनि झुक्याइयो

यो सेयर स्वामित्व नै हेरफेर भइसकेपछि बोटलर्स नेपालले नेपाल स्टक एक्सचेन्जलाई पत्र लेखेर (हेर्नुहोस् पत्र १ र २) दुबईमा रहेको मुख्य विदेशी लगानीकर्ता कम्पनी कोकाकोला साब्को (एसिया) लिमिटेडले आफ्नो नाम परिवर्तन गरेर कोकाकोला साउथवेस्ट होल्डिङ्गस लिमिटेड कायम गरिपाउँ मात्र भनेको छ, जबकी, नेपाल स्टक एक्सचेन्जमा दर्ता भइ कारोबार भइरहेको पब्लिक लिमिटेड कम्पनीको मूल सेयर संरचना र मुख्य लगानीकर्ता परिवर्तन हुँदा सम्पूर्ण जानकारी दिइनु पर्छ ।

कम्पनीको बहुमत सेयर स्वामित्व २०७२ सालमा नै किनबेच भइसके पनि त्यसयताका कुनै पनि वर्षका वार्षिक प्रतिवेदनमा यो विषय समावेश गरिएको छैन भने कुनै पनि वार्षिक साधारण सभाहरूमा यस विषयमा जानकारी दिने गरिएको छैन ।

> In July 1999, our Company acquired from Fraser and Neave Limited its 75 percent ownership interest in F&N Coca-Cola Pte Limited (F&N Coca-Cola). Prior to the acquisition, our Company held a 25 percent equity interest in F&N Coca-Cola. Acquisition of Fraser and Neave Limited's 75 percent stake gave our Company full ownership of F&N Coca-Cola. F&N Coca-Cola holds a majority ownership in bottling operations in Brunei, Cambodia, Nepal, Pakistan, Sri Lanka, Singapore and Vietnam.

*सन् १९९९ मा कोकाकोला कम्पनीले सिंगापुरको फाइजर एन्ड निभको ७५ प्रतिशत सेयर किनेपछि नेपालको सत प्रतिशत स्वामित्व लियो ।*

## एनसेल प्रकरण दोहोरिने अवस्था

राजस्व अनुसन्धान विभागले गत २०७७ मंसिरमा नै बोटलर्स नेपालमा छापा मारेर त्यसका कागजात नियन्त्रणमा लिइ छानबिन गरिरहेको भए पनि महानिर्देशक परिवर्तनपछि छानबिन प्रक्रिया नै सुस्त भएको छ ।

विभागले बोटलर्स नेपालका उच्च व्यवस्थापकहरूसँग लिइएको बयानमा उनीहरूले किनबेचको दस्तावेज पेश नगरी सन् २००४ कै मूल्य १ करोड ४० लाख अमेरिकी डलर (चालू मूल्यमा डेढ अर्ब)मा किनबेच भएको बयान दिएका थिए। जबकी, सन् सेयर स्वामित्व किनबेच भएको वर्ष सन् २०१४ मा स्टक एक्सचेन्जमा बोटलर्स नेपालको औसत १५६० रूपैयाँमा प्रतिसेयर कारोबार भएको थियो ।

कम्पनीले त्यसयतामात्रै प्लान्ट विस्तारका लागि स्ट्यान्डर्ड चार्टर्ड बैंक, नबिल बैंकलगायतका बैंकहरूबाट करिब ६ अर्ब रुपैयाँ ऋण लिइसकेको छ । राजस्व अधिकारीहरूले कम्पनीको खुद सम्पत्तिको आधारमा मूल्यांकन भइ त्यसका आधारमा पुँजीगत लाभकर कायम गर्ने तयारी गरेका छन्।

बोटलर्स नेपालको वार्षिक प्रतिवेदनअनुसार यसको अधिकृत पुँजी ४३ करोड र चुक्ता पुँजी १८ करोड ४८ लाख रुपैयाँ बराबरमात्र छ भने आर्थिक वर्ष २०७६/७७ मा कम्पनीको खुद सम्पत्ति १ खर्ब ११ अर्ब ५२ करोड रुपैयाँ बराबर पुगेको छ ।

कम्पनीका विदेशी व्यवस्थापकहरू भने सकेसम्म यो स्वामित्व किनबेच प्रक्रियामा भएको पुँजीगत लाभकर छल्ने, नभए एनसेल प्रकरण दोहोर्‍याउँदै न्यून मूल्यांकन गराइ, त्यसको दायित्व किनबेच गर्ने गुत्से परिवार वा कोकाकोला एटलान्टालाई नदेखाइ नेपाली स्वामित्व, बोटलर्स नेपालमाथि थोपार्ने योजनामा देखिएका छन् ।

बहुराष्ट्रिय कम्पनीका रुपमा कोकाकोलाको नेपालस्थित बोटलिङ प्लान्ट, बोटलर्स नेपाल सञ्चालन हुँदै आएपनि प्रत्यक्ष रुपमा कोकाकोला कम्पनीले लगानी नै गरेको देखिँदैन । नेपाली बैंकहरूबाटै पटक-पटक गरी करिब ६ अर्ब रुपैयाँ लिइ प्लान्ट विस्तार गरिएको तर नेपाल बाहिरै किनबेच भएका विदेशी स्वामित्वकर्ताले लाभांश लाने चक्र देखिन्छ । यसबाहेक बोटलर्स नेपालले कोकाकोला कम्पनीलाई फर्मुला र ब्रान्ड बापत वार्षिक करिब १ अर्ब रुपैयाँ रोयल्टी बुझाउँछ ।

## 'कानुन पालना गर्छौं'

कोकाकोलाको मूल स्वामित्व सेयर नेपाल बाहिरै किनबेच भइ कर छलीका विषयमा जानकारी लिन टक्सारले बोटलर्स नेपाल र मातृ कम्पनी कोकाकोला कम्पनीलाई इमेल लेखेको थियो । तर सम्बन्धित कम्पनीहरूले कुनै जानकारी नदिइ विज्ञापन एजेन्सी प्रिज्मा एड्‍भर्टाइजिङले प्रत्युत्तर लेखेको छ ।

प्रिज्मा एड्‍भर्टाइजिङका तर्फबाट स्नेहा श्रेष्ठले लेखेको इमेलमा भनिएको छ- बोटलर्स नेपाल लि. देशका हरेक नियम र कानुनको उच्च सम्मान गर्दछ । कम्पनीको उच्च नैतिक मापदण्डको अलावा हाम्रा बलियो परिपालन कार्यक्रम र प्रक्रियाहरू छन्, जसले कुनै पनि विचलन वा अवज्ञामा शून्य-सहिष्णुता सुनिश्चित गर्दछ। हामी सम्बन्धित अधिकारीहरूलाई अनुसन्धानमा सहयोग गर्न प्रतिबद्ध छौं साथसाथै हामी यस मुद्दामा थप विवरणको पर्खाइमा छौं ।



अर्थ-राजनीतिक दिशानिर्देश

# टक्सार

www.taksarnews.com

वर्ष १, अंक ६, असोज २०७८ | Taksar Economic Magazine Vol. 1 Issue 6, Sep/Oct 2021 | मूल्य रू. २००/-

बडादशैं, तिहार, नेपाल संम्वत तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं !
-टक्सार परिवार



# कर कपट

राजस्व प्रशासनमा राजनीतिक हस्तक्षेप छ
-विद्याधर मल्लिक

कर प्रणालीको पुनर्संरचना
-हरि रोका

नेरु-भारुबीच स्थिर विनिमय दरका फाइदा-बेफाइदा
-नरबहादुर थापा

अर्थराजनीतिक दर्शनमा 'न्यू भेरियन्ट'
-डा. चन्द्रमणि अधिकारी


टक्सार
वर्ष १, अंक ६, असोज २०७८ | Taksar Economic Magazine Vol. 1 Issue 6, Sep/Oct 2021

# कहालीलाग्दो कर छली

**आन्तरिक राजस्व विभागको विवरण केलाउने हो भने करिब २ प्रतिशत अर्थात् ३ हजार करदाताले कुल कर राजस्वको ९८ प्रतिशत कर तिर्ने गरेका छन् भने वार्षिक करिब १५० देखि २०० जनाको हाराहारीमा कर छलीका मुख्य अभियुक्तमाथि राजस्व अनुसन्धान विभागले छानबिन गरेर मुद्दा दायर गर्ने गरेको छ। विगत पाँच वर्षमा सो विभागले दायर गरेका मुद्दा हेर्दा वार्षिक औसतमा १५ देखि २० अर्ब रुपैयाँ बराबरको कर छली हुने गरेको पाइएको छ ।**



गजेन्द्र बुढाथोकी



बहुराष्ट्रिय कम्पनी भनेर चिनिएको कोकाकोलाको नेपालस्थित बोटलिङ प्लान्ट बोटलर्स नेपालको बहुमत सेयर नेपालभन्दा बाहिरै किनबेच गरी कर छलिएको महालेखा परीक्षकको कार्यालयले प्रमाणित गरेको छ। नेपालमा स्थापित कम्पनीले नेपालभित्रै गरेको क्रियाकलापका सम्बन्धमा गरिएको भुक्तानीको आयको स्रोत नेपाल रहने आयकर ऐनमा उल्लेख छ भने कुनै पनि निकायको नेपाल धितोपत्रमा सूचीकृत भएको हित (स्वामित्व) नि:सर्ग (बिक्री) हुँदा जसको हित नि:सर्ग भएको हो, सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिबाहेक अन्यको हकमा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने आयकर ऐनको दफा ९५ मा उल्लेख छ। २०३२ सालमा कम्पनीका रूपमा दर्ता भइ २०३५ सालदेखि पटक-पटक स्वामित्व किनबेच भइरहेको बोटलर्स नेपालले स्वामित्व किनबेचबापतको कर नतिरेको हो।

महालेखा परीक्षकको प्रतिवेदनमा बोटलर्स नेपालमा प्रमुख सेयरहोल्डरको रूपमा रहेको सिंगापुरस्थित कोकाकोला फिजर एन्ड नीभले आफ्नो सम्पूर्ण स्वामित्व २०६१ वैशाख ८ गते दुबईस्थित कोकाकोला साब्को (एसिया) लिमिटेडलाई बेचेको र २०७१ मंसिरमा द कोकाकोला कम्पनी एटलान्टा, अमेरिकाले उक्त कम्पनी (बोटलर्स नेपाल)को ७६.१६ प्रतिशत हिस्सा किनेको उल्लेख छ।

बोटलर्स नेपालको स्वामित्व किनबेच हुँदा कर नतिरिएको विषयमा टक्सार आर्थिक म्यागजिनले साउन र भदौको अंकमा विस्तृत खुलासा गरेको छ। यो नेपालमा स्थापित कम्पनीको स्वामित्व यहाँका नियामकीय निकायमा थाहै नदिइ पटक-पटक नेपाल बाहिर नै किनबेच गरेर संस्थागत रूपमा कर छली गरेको प्रकरण भएको प्रमाणित भएको हो। यसअघि एनसेलको स्वामित्व १२ पटकसम्म नेपाल बाहिरै किनबेच भएको खुलेको थियो, त्यही मोडलमा ५ पटकसम्म बोटलर्स नेपालको सेयर नेपाल बाहिर नै किनबेच भएको हो। बोटलर्समा भएको विदेशी लगानीको वार्षिक प्रतिवेदनहरूमा उल्लेख गर्ने गरिए पनि यसमा भएको वैदेशिक लगानीको रकम अंशसमेत नखुलेपछि सो कम्पनीले यहाँबाट विदेश लगेको लगानीमाथि पनि प्रश्न उठेको छ। बोटलर्स नेपाल लिमिटेड र उसको भगिनी कम्पनी बोटलर्स नेपाल (तराई) लिमिटेडमा स्थापनाकालदेखि हालसम्म कति वैदेशिक लगानी (एफडीआई) भित्रियो भन्ने नेपालका नियामकीय निकायमा स्पष्ट लेखांकन नै नभएको राजस्व अनुसन्धान विभागको अध्ययनले देखाएको छ।

महालेखाले यसरी स्वामित्व किनबेच हुँदा आयकर ऐनको दफा ५७ बमोजिम विवरण पेस गरी कर निर्धारण नभएको ठहर गरेको छ। "यस कम्पनीको २०६१ र २०७१ मा दुई पटक स्वामित्व परिवर्तन भएको देखिँदा आयकर ऐनको दफा ५७ बमोजिम सो समयमा करदाताको नेटवर्थ समेत हिसाब गरी नि:सर्ग भएको मानी दफा ९६ बमोजिम छुट्टाछुट्टै आय विवरण पेस गर्नपर्ने तथा यस्तो नि:सर्गमा ऐनको दफा ९५(क) बमोजिम २५ प्रतिशत कर समेत दाखिला गरेको नदेखिएकोले छानबिन गरी कर दायित्व यकिन गर्नपर्दछ," महालेखाको प्रतिवेदनमा भनिएको छ।

महालेखा परीक्षकको कार्यालयको ५८ औं वार्षिक प्रतिवेदनमा भनिएको छ- एक बहुराष्ट्रिय कम्पनी (बोटलर्स नेपाल)को कुल सेयर संख्या १९ लाख ४८ हजारमध्ये १४ लाख ८४ हजार ३०१ कित्ता सेयर अर्को बहुराष्ट्रिय कम्पनी (द कोकाकोला कम्पनी,एटलान्टा)ले खरिद गरी यस कम्पनीमा प्रवेश गरेको अमेरिकाको एक सेक्युरिटी कमिसन (न्यूयोर्क स्टक एक्सचेन्ज)ले खुलासा गरेको छ।"

बोटलर्स नेपालको २०७१ मंसिरमा ७६.१६ प्रतिशत स्वामित्व परिवर्तन भएको र त्यसपछि कम्पनीको नामसमेत परिवर्तन गरिएको छ। महालेखाले कम्पनीको नाम परिवर्तन भनेर कोकाकोला साब्को (एसिया) लिमिटेडले आफ्नो नाम परिवर्तन गरेर कोकाकोला साउथवेस्ट होल्डिङ्स लिमिटेडमा नाम परिवर्तन गरिएको तथ्यलाई औंल्याएको हो।

"सेयर खरिद-बिक्री गर्दा स्वामित्व परिर्वनको जानकारी नेपालका कुनै नियामक निकायलाई नदिनुको साथै नि:सर्गमा प्राप्त भएको लाभमा कर गणना गरी दाखिला गरेको देखिँदैन," महालेखाको प्रतिवेदनमा भनिएको छ, "नेपालमा रहेको निकायको हितको मूल्य बढ्नु भनेको नेपालमै सञ्चालित क्रियाकलाप र सम्पत्ति मूल्यको कारण भएकाले त्यस्तो आयको स्रोत नेपाल नै हो।"

महालेखाले बोटलर्स नेपाल लिमिटेडको सम्पत्ति र आयमा आधारित जहाँसुकै वा जुनसुकै कम्पनीको सेयर वा स्वामित्व वा धितोपत्र बिक्री गरे तापनि त्यो नेपालमा सञ्चालित क्रियाकलापसँग सम्बन्धित भुक्तानी भएकोले सिर्जना भएको पुँजीगत लाभमा प्राथमिक रूपमा नेपालमा कर लाग्ने ठहर गरेको छ।

"मध्यस्थ निकायमार्फत् हुने स्वामित्व परिवर्तनमा नेपालमा कर लाग्ने सम्बन्धमा सर्वोच्च अदालतबाट एक दूरसञ्चार सेवा प्रदायक (एनसेल) को हकमा फैसला समेत भएको छ," महालेखाको प्रतिवेदनमा अगाडि भनिएको छ, "बहुराष्ट्रिय कम्पनीको मध्यस्थ निकायमार्फत् स्वामित्व परिवर्तन भएकोमा प्राप्त लाभमा पुँजीगत लाभकर दाखिला गर्नपर्नेमा हालसम्म दाखिला गरेको देखिँदैन।"

महालेखाका अनुसार बोटलर्स नेपाल लिमिटेडको मुख्य सेयर होल्डरका रूपमा रहेको कोकाकोला एफएन्डएन पीटीइ लिको सम्पूर्ण स्वामित्व २०६१ बैशाख ८ गते दुबईस्थित कोकाकोला साब्को एसियाले खरिद गरेको कम्पनी रजिष्ट्रार कार्यालयको अभिलेखमा देखिएको छ।

त्यसैगरी, पुन: २०७१ मंसिरमा बोटलर्स नेपाल ७६.१६ प्रतिशत सेयर अमेरिकी कम्पनी (द कोकाकोला कम्पनी, एटलान्टा)ले खरिद गरी नियन्त्रण परिवर्तन भएकोमा आयकर ऐन २०५८ को दफा ५७ बमोजिम विवरण पेश गरी कर निर्धारण नगरेकोले त्यो समेत छानबिन गरेर कर निर्धारण गरिनु पर्ने महालेखाको प्रतिवेदनमा उल्लेख छ।

महालेखा परीक्षकको कार्यालयले नेपालमा रहेको स्थायी संस्थापना (बोटलर्स नेपाल)बाट कट्टा गर्नपर्ने १५ प्रतिशत अग्रिम कर ३१ करोड ९५ लाख ५१ हजार रुपैयाँ र आयकर ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गरी लाग्ने २५ प्रतिशतसमेत लाग्ने कर ५३ करोड २५ लाख ८६ हजार रुपैयाँमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरेर कर निर्धारण र छानबिन गर्न भनेको छ।

सन् १९९२ मा कमानीले आफ्नो ७६ प्रतिशत सेयर सिंगापुर स्थत कोकाकोलाको बोटलिङ प्लान्ट, फिजर एन्ड नीभ कोकाकोला पिटिइ. लिलाई बेचियो। त्यसयता सन् १९९९, २००४, २०११ र २०१४ मा कोकाकोलाको ७६ प्रतिशत सेयर नेपालबाहिर नै किनबेच भएको र त्यसबापत नेपालले पाउनु पर्ने पुँजीगत लाभकरसहित अन्य कर छलिएको विषयमा हाल राजस्व अनुसन्धान विभागले छानबिन गरिरहेको छ।

नेपालमा वैदेशिक लगानी गरेको कम्पनीका रूपमा कोकाकोला साउथवेस्ट होल्डिङ्स लिमिटेडलाई देखाउने गरिएको भए पनि उक्त कम्पनीमार्फत् गरिएको लगानी रकमसमेत नखुलेपछि नेपाल राष्ट्र बैंकले विगत केही वर्षयता कोकलाई लाभांश फिर्ता लैजानमा रोक लगाइ सकेको छ। औपचारिक रूपमा बोटलर्स नेपालमा लगानी गरेको जानकारी नेपालका नियामकीय निकायहरूमा नदिइ अग्रिम आय कर, पुँजीगत लाभकर लगायतका करहरू छलेको द कोकाकोला कम्पनीले बोटलर्समा आफ्नो स्वामित्व भएको भन्दै अन्तर्राष्ट्रिय बिमकहरूबाट बिमा दाबी भुक्तानी भने लिइसकेको छ।




• ••

अर्को बहुराष्ट्रिय कम्पनी पेप्सीको नेपालस्थित बोटलिङ प्लान्ट वरुण बेभरेज (नेपाल) प्रा.लि झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि कर (भ्याट) बिल प्रयोग गरेर राजस्व छलेको अभियोगमा अघिल्लो आर्थिक वष २०७६/७७ मा नै राजस्वको छानबिनमा परिसकेको छ । भ्याट छली प्रकरणमा विभागले लामो अनुसन्धानपछि वरुण बेभरेज (नेपाल) प्रालिका पूर्व तथा वर्तमान सञ्चालकहरू अमित गुप्ता, रविकान्त जयपुरिया, रोहित कोहली, प्रवीणकुमार अग्रवाल, विनोद सिंह भनिने विनोदकुमार सिंह र अशोक कुमारविरुद्ध मुद्दा दायर गरेको थियो। सो कर छली प्रकरणमा वरुण बेभरेजका प्रमुख कार्यकारी अधिकृत (सीइओ) प्रवीणअग्रवाल २०७७ माघमा उच्च अदालत पाटनको आदेशअनुसार पक्राउ परिसकेका छन्।

विभागले लामो समय लगाएर गरेको अनुसन्धानपछि वरुण बेभरेजले आर्थिक वर्ष २०७०/७१ देखि ०७५/०७६ सम्ममा नक्कली भ्याट बिल कारोबारबाट २५ करोड ३४ लाख ६ हजार ९४० रुपैयाँ भ्याट र आयकरतर्फ लाभांशसमेत ३९ करोड ६१ लाख ९५ हजार ४ सय गरी कुल ६४ करोड ९६ लाख २ हजार ३ सय ४० रुपैयाँ राजस्व छली गरेको देखिएको थियो ।

बेभरेजसमेत सात विपक्षी रहेको मुद्दामा यसअघि २ जना धरौटीमा रिहा भइसकेका छन्। तीन जना अझै फरार छन्। नक्कली बीजकको कारोबार गर्ने व्यक्तिहरूसँग मिलेमतो गरी मालवस्तु नै खरिद नगरी राजस्व चुहावट गरेको अभियोग राजस्व अनुसन्धान विभागले लगाएको छ ।

वरुण बेभरेज (नेपाल) प्रालिले राजस्व चुहावट गर्ने दुरासय राखी झुटा तथा नक्कली कर बीजकको कारोबार गर्ने ३० जना व्यक्तिहरुसँग मिलेमतो गरी वास्तविक रूपमा मालवस्तु खरिद नै नगरी झुटा तथा नक्कली कर बीजक जारी गर्ने प्रयोजनका लागि योजनाबद्ध तरिकाले दर्ता गरिएका फर्महरुबाट जारी गरेका झुटा तथा नक्कली कर बीजक खरिद गरी राजस्व चुहावट गरेको विभागले जनाएको छ ।

विभागले अमित गुप्तासमेत कम्पनीका पूर्व तथा वर्तमान ७ जनामथि छली गरेको राजस्व बिगो तथा बिगोको दोब्बर १ अर्ब २९ करड ९२ लाख ४ हजार ६ सय ८० रुपैयाँ समेत जम्मा १ अर्ब ९४ करोड ८८ लाख ७ हजार २० रुपैयाँसम्म जरिवाना र ३ वर्ष कैद सजायको माग दाबी गरेर काठमाडौं जिल्ला अदालतमा २०७६ मंसिर ३ गते मुद्दा दायर गरेको थियो। त्यो मुद्दाका विरुद्धमा वरुण बेभरेजका सीईओ प्रवीण अग्रवाल पुनरावेदन गए पनि उनी अदालतको आदेशपछि पक्राउ परेका छन्। वरुण बेभरेजले हुँदै नभएका/अस्तित्व नै नभएका ३० वटा कम्पनीबाट नक्कली भ्याट बिल किनेर राजस्व छलेको हो।

वरुण बेभरेजका मुख्य लगानीकर्ता जयपुरिया समूहले धापासीमा बनाएको पार्क भ्यू होराइजन अपार्टमेन्ट पनि २०७२ को भूकम्पमा चर्किएपछि स्वीकृत नक्साभन्दा बाहिर गइ अवैध ढंगले निर्माण गरिएको खुलेको थियो। वरुण डेभलपर्सले बनाएको सो अर्पाटमेन्ट ११ तलाको स्वीकृति लिएर १७ तलाको बनाइएको पाइएको थियो। अहिले वरुण डेभलपर्सका सञ्चालकहरू सम्पर्कविहीन भएका छन्।

• ••

गत आर्थिक वर्ष २०७७/७८ मा नक्कली भ्याट बनाइ कारोबार गरेको अभियोगमा राजस्व अनुसन्धान विभागले ८२ भन्दा अधिक

केही कहलिएका चार्टर्ड एकाउन्टेन्ट (सीए) र कर्पोरेट वकिलहरूले कर छलीमा सघाउने वा उनीहरूलाई कानुनी कारबाही तथा राजस्व तिनु पर्ने दायित्वबाट उम्काउने गरेका छन्। बहुचर्चित एनसेल लाभकर छली प्रकरणदेखि ठूला भ्याट बिल छली प्रकरणमा दोषी ठहरिएका कर्पोरेटहरूको कर व्यवस्थापन, लेखापरीक्षण र अदालती मुद्दामा संलग्न सीए र वरिष्ठ अधिवक्ता वा तिनको ल फर्म हेर्दा करिब १५/१६ जनाले समग्र कर संरचनालाई आफ्नो पकडमा राखेको कर प्रशासनसँग अधिकारीहरूको बताउँछन्।

आर्थिक वर्ष २०७७/७८ मा मात्र १९ अर्ब ८२ करोड रुपैयाँ राजस्व छलीका ८४ वटा मुद्दा विभागले दायर गरेको छ, यीमध्ये अधिकांश मुद्दा नक्कली भ्याट बिल प्रकरणसँग सम्बन्धित नै थिए। यो राजस्व अनुसन्धान विभागमा उजुरी परेर छानबिन गरिएको कर छलीको मात्र विवरण हो। कर छलीको उजुरी नै नपरेको, मिलेमतोमा भइरहेको, प्रभावकारी अनुसन्धान नपुगेर राज्यको आँखा छलेर, कर प्रणालीलाई छलेर भइरहेका कारोबार अनुमान गर्न नसकिने अनुपातको छ।

फर्म/कम्पनीका सञ्चालक/प्रोप्राइटरहरूमाथि १९ अर्ब ८२ करोड रुपैयाँभन्दा राजस्व छलीको गरेको अभियोगमा मुद्दा दायर गरेको छ, विदेशी मुद्रासँग सम्बन्धित कारोबारसमेत जोड्दा २५ अर्ब रुपैयाँभन्दा बढीको मागदाबीसहित मुद्दा दायर गरिएको छ। विभागमा ३३ महिना (२०७५ जेठ-२०७७ फागुन) सम्म महानिर्देशक रहेका दीर्घराज मैनालीले विभागबाट सरुवा हुँदा जारी गरेको प्रेस नोटमा आफ्नो कार्यकालमा भ्याटका नक्कली बिलबीजकसम्बन्धी अनुसन्धानबाट १९ अर्ब रुपैयाँभन्दा बढीको माग दाबी लिइ १६० वटा मुद्दा दायर गरिएको उल्लेख गरेका थिए। प्रेस नोटमा तीन वर्षको अवधिमा राजस्व चुहावट तर्फ २२० वटा मुद्दामा ७८० जना प्रतिवादी बनाइ ३६ अर्ब ६१ करोड बिगो माग दाबी लिइ अदालतमा मुद्दा दायर गरिएको, ७ अर्बभन्दा बढी बिगो कायम भएका १७ वटा मुद्दाहरू राय निर्णयको लागि सरकारी वकिल कार्यालय पठाइ अभियोजनको क्रममा भएको उल्लेख थियो।

२०६७ सालमा पहिलो पटक नक्कली भ्याट बिल छली प्रकरण बाहिरिए यताको यो दोस्रो ठूलो भ्याट बिल छली प्रकरण हो। २०६७ पुस ८ गते आन्तरिक राजस्व विभागद्वारा विभागका तत्कालीन उपमहानिर्देशक लक्ष्मण अर्यालको संयोजकत्वमा गठित समितिले ३ अर्ब २५ करोड रुपैयाँको कर छली भएको प्रारम्भिक नतिजा निकालेको थियो। पछि अनुसन्धान हुँदै जाँदा ५१८ वटा व्यापारिक फर्मले नक्कली भ्याट बिलबाट ३ अर्ब ७ करोड रुपैयाँ भ्याट, ३ अर्ब ३३ करोड रुपैयाँ आयकर र २० करोड रुपैयाँ अन्त:शुल्क छली गरेको निर्धारण गरिएको थियो। त्यतिबेलाका कतिपय मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छन्। सोही प्रकरणमा तत्कालीन अर्थमन्त्री स्व.भरतमोहन अधिकारीसँग मतभेद हुँदा अर्थसचिव रामेश्वर खनालले राजीनामा नै दिएका थिए।

गत आर्थिक वर्ष २०७७/७८ मा सामान्य मजदूरका नाममा कम्पनी खडा गरेर भ्याट छली गर्ने मुख्य गिरोहका नाइके नै फन्दामा परे। किशोरी यादव, रामकिशोर प्रसाद, सुवोध साह, मनीषकुमार, अनिलकुमार गुप्ता, प्रवीणकुमार महतो, कमलबहादुर राउत, रञ्जनकुमार सिंह, लक्ष्मण रायलगायतका व्यक्तिहरूले रोजगारीको खोजीमा आउने वा सामान्य चिनजानका व्यक्तिका नागरिकता जम्मा गर्दै उनीहरूको नाममा नक्कली कम्पनी खडा गरेर नक्कली भ्याट बिलको कारोबार गर्ने गरेको राजस्व अनुसन्धान विभागको लामो अनुसन्धानले देखायो। अघिल्लो वर्ष २०७६/७७ मा यस्तै सामान्य मजदूरका नाममा कम्पनी खडा गरेर नक्कली भ्याट बिलको कारोबार गर्ने विनोदकुमार अग्रवाल र विकास अग्रवाल पनि पक्राउ परेका थिए।

## गत वर्षका मुख्य नक्कली भ्याट बिल छली प्रकरणहरू

- सिराहा जिल्ला कल्याणपुर न.पा. -११ घर भइ हाल ललितपुर महालक्ष्मी नगरपालिका-१ इमाडोल बस्ने नक्कली भ्याट बिलका मुख्य कारोबारी किशोरी यादवले गरिब तथा मजदुरहरूका नाममा फर्म दर्ता गरी वस्तु तथा सेवा एउटा आयात तथा खरिद देखाइ अर्कै मालवस्तुको झुठ्ठा तथा नक्कली भ्याट बिल मात्र बिक्री गरी ४ अर्ब ४७ करोड ९२ लाख रुपैयाँभन्दा अधिक मूल्य अभिवृद्धि कर र आयकर छलेको राजस्व अनुसन्धान विभागले जनाएको छ।

  किशोरी यादवले मनीष ट्रेडिङ कन्सर्न, ओएनएस इन्टरप्राइजेज, रेणु ट्रेड इन्टरप्राइजेज, रुपम ट्रेड कन्सर्नलगायतका नक्कली फर्म दर्ता गरेर कपडा, कुर्थासरवाल, रेडिमेड सामान आयात गरेको देखाइ फलामे डण्डी, सिमेन्ट, फोटोकपी पेपर, टोनर, पाइप फिटिङ्ग जस्ता वस्तुको भ्याट बिल बनाएर बेच्ने गरेको राजस्व अनुसन्धान विभागको अनुसन्धानले देखायो। सिराहा, धनुषा, सर्लाहीका सामान्य अवस्थाका मजदूरको नागरिकता जम्मा गरेर नक्कली कम्पनी खडा गर्ने यादवले आफ्नो कारोबार लिहला अग्रवाल, विशाल अग्रवाल लिहला, विनय लिहला अग्रवाललगायतका बैंक खाताबाट सञ्चालन गर्थे।
- राजस्व अनुसन्धानको फन्दामा परेका अर्का ठूलो नक्कली भ्याट बिल कारोबारी हुन्, सर्लाही जिल्ला घर भइ पद्मा कोलोनी सीतापाइला बस्ने राम किशोर प्रसाद। राम किशोर प्रसादले आर्थिक वर्ष २०७१/७२ देखि २०७३/७४ सम्म कमजोर आर्थिक अवस्था भएका मजदुर लगायतका व्यक्तिका नाममा मोहन ट्रेड इन्टरनेसनललगायत विभिन्न २६ वटा फर्महरू दर्ता गरी नक्कली भ्याट बिलको कारोबार गरी एक अर्ब ३२ करोड ८६ लाख रुपैयाँ बराबरको भ्याट, आयकर, लाभांश कर छलेको विभागले जनाएको छ।
- यसरी नै नक्कली भ्याट बिलका अर्का ठूला कारोबारी हुन्, स्थायी ठेगाना नखुलाइएका मनीषकुमार। मनीषले पनि गरिब तथा मजदूरहरूका नागरिकता जम्मा गरेर १३ वटा कम्पनी दर्ता गरी तीमार्फत् नक्कली भ्याट बिलको कारोबार गरेर १ अर्ब २२ करोड २० लाख रुपैयाँबराबरको राजस्व छलेको भन्दै विभागले मुद्दा दायर गरेको थियो।
- यस्तै अर्का प्रमुख नक्कली बिलका कारोबारी सुवोध साहले गरिब, मजदूरहरूका नाममा एस.वि.के. इन्टरनेसनल, डाइनामिक ईन्टरनेसनल ट्रेड प्रा.लि., एन.एस.एक्टिभ ईन्टरनेसनल प्रा.लि., क्राउन इन्टरनेशनल सप्लायर्स प्रा.लि.लगायत ११ वटा कम्पनी खडा गरेर नक्कली भ्याट बिलको कारोबार गरेर ९१ करोड ३० लाख रुपैया राजस्व छलेको विभागले जनाएको छ। राजस्व अनुसन्धान विभागले पहिलो पटक झुठ्ठा तथा नक्कली कर बीजकको कारोबार एवं लेखा परीक्षण प्रतिवेदन तयार तथा लेखा परीक्षण गरी कर छलीमा सहयोग गर्ने लेखापरीक्षकहरू कृष्णप्रसाद घिमिरे, दीपक निरौला र दीपककुमार कोइरालामाथि राजस्व चुहावटमा मिलेमतोको अभियोग उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरेको छ।
- नक्कली भ्याट बिलका अर्का ठूला कारोबारी सर्लाही स्थायी ठेगाना भइ हाल ललितपुर महानगरपालिका वडा नं. १८ बस्ने अनिल गुप्ता एण्ड एसोसियटसका अनिलकुमार गुप्ता तथा सर्लाही स्थायी ठेगाना भइ काठमाडौं महानगरपालिका १४ कुलेश्वरमा रहेको अंकुश ट्रेड एण्ड सप्लायर्सका प्रवीणकुमार महतो समेत १३ फर्मका १६ जना प्रोप्राइटर १६ जनाले दुइ अर्ब १९ करोड ८७ लाख रुपैयाँबराबरको नक्कली भ्याट बिल कारोबार

# कर छलीका प्रवृत्ति

राजस्व अनुसन्धान विभागले राजस्व छलीका केही प्रवृत्ति यसरी पहिचान गरेको छ ।

स्वदेशमा पेशा व्यवसाय र उद्योग सञ्चालन गर्ने व्यक्ति/निकायले राज्यलाई तिर्नुपर्ने राजस्वभन्दा घटी राजस्व तिर्ने नियतले आफ्नो आयको सही घोषणा नगर्ने, नपाउने छुट दाबी गर्ने, असम्बन्धित खर्च दाबी गर्ने, अग्रीम कर कट्टी (टीडीएस) नगर्ने, उत्पादन हिसाब सही नदेखाउने, अन्तः शुल्क लाग्ने वस्तुको बिक्रीमा लाग्ने अन्तः शुल्क स्टिकर नक्कली प्रयोग गर्ने, एउटै स्टिकर पटक-पटक प्रयोग गर्ने, होटल तथा ट्राभल व्यवसायीले विदेशी विनिमयको सही हिसाब नदेखाउने, नियमानुसार भ्याट असुल नगर्ने, शैक्षिक परामर्श दिने संस्थाहरूले प्रदान गर्ने परामर्श सेवामा भ्याट असुल नगर्ने, विद्यार्थी आपूर्ति गरेबापत बाह्य विश्वविद्यालयबाट प्राप्त हुने कमिसनलाई आयमा नदेखाउने, सम्पत्ति र दायित्वको निःसर्गबाट प्राप्त हुने खुद लाभको सही गणना नगर्ने जस्ता क्रियाकलापहरू गरी राजस्व चुहावट गर्ने गरेको देखिएको छ ।

- व्यावसायिक कारोबारसँग असम्बन्धित खर्च दाबी गरी करयोग्य आय घटी देखाउने गरेको ।
- राजस्वसम्बन्धी विभिन्न ऐनले दिएको छुटको सीमाभन्दा बढी छुट दाबी गर्ने गरेको ।
- नोक्सानी समायोजन तोकिएको अवधिभन्दा बढी अवधिको गर्ने गरेको ।
- लगानीको नोक्सानीलाई व्यावसायिक नोक्सानीमा समायोजन गर्ने गरेको ।
- आयकर ऐन, २०५८ ले तोकेको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टी (टीडीएस) हुने नगरेको र कट्टी गरेकोमा पनि समयमा दाखिला हुने नगरेको ।
- व्यावसायिक प्रयोजनका लागि भाडामा लिइएका घरबहालको सम्झौता र वास्तविक भुक्तानी फरक फरक हुने गरेको ।
- घरजग्गाको कारोबारमा वास्तविक कारोबार मूल्य नदेखाइ मालपोत कार्यालयबाट तोकिएको न्यूनतम मोल देखाइ पूँजीगत लाभकर छल्ने गरेको ।
- आकस्मिक रूपमा प्राप्त पुरस्कार, उपहार, चिट्ठा, जुवा आदिमा हुने आकस्मिक लाभमा नियमानुसार कर कट्टी गर्ने नगरेको ।
- ऐनले तोकेकोभन्दा बढी ह्रासकट्टी दाबी गर्ने गरेको ।
- मालसामान या सेवा आपूर्ति नगरिएकोमा जारी गरी कर खर्च दाबी गर्ने गरेको ।
- करतर्फ खरिद बिक्री वास्तविक कारोबार मूल्यमा देखाउन दुई प्रकारका खाता प्रयोग गर्ने गरेको । व्यावसायिक मौज्दातको परिमाण र मूल्य वित्तीय हिसाब विवरणमा स्पष्ट रूपमा देखाउने नगरेको ।
- उद्योग व्यवसायको गोदामको क्षमताभन्दा बढी मौज्दात रहेको विवरण

गरेको अभियोगमा विभागले अदालतमा मुद्दा दायर गरेको छ ।

- उदयपुर जिल्ला त्रियुगा नगरपालिका-१२ स्थित राउत ट्रेड कन्सर्नका कमलबहादुर राउतले पनि निम्न आर्थिक अवस्था भएका व्यक्तिको नाममा फर्म दर्ता गरी वस्तु तथा सेवा एउटा आयात तथा खरिद देखाइ अर्कै मालवस्तुको झुट्टा तथा नक्कली भ्याट बिलमात्र बिक्री गरी चार करोड १६ लाख रुपैयाँ मूल्य अभिवृद्धि कर र आयकर समेत छलेको, त्रियुगा नगरपालिका-७ बस्ने एनआइसी ट्रेडर्सका भुपेन्द्र कार्कीले पनि यसैगरी नक्कली भ्याट बिलको कारोबार गरेको विभागले उल्लेख गरेको छ । दुवै नक्कली भ्याट बिलको कारोबारमा गोपालप्रसाद भट्टराईको बैंक खाता प्रयोग भएको देखिन्छ ।

• ••

यी केही प्रतिनिधि उदाहरणहरूमात्र हुन् । २०६७/६७ मा ५१८ वटा व्यापारिक प्रतिष्ठानले भ्याट छलेको अध्ययनले ठहर गरेयतामात्रै अर्बौं रुपैयाँ बराबर अधिक भ्याट र आयकर छलिएको राजस्व अनुसन्धान विभागले दायर गरेको मुद्दाबाट देखिन्छ । विभागले दायर गरेका चार आर्थिक वर्षका मुद्दा हेर्दा २०७४/७५ देखि २०७७/७८ को अवधिमा मात्र २५ अर्ब रुपैयाँभन्दा बढीको नक्कली भ्याट बिल प्रकरण बाहिर आएको छ । मुख्य कारोबारी अर्कै हुने, तर सर्वसाधारणका नाममा दर्ता भएका कम्पनीले नक्कली भ्याट बिल बनाइ कारोबार गर्दा राजस्व अनुसन्धान विभागले दर्तावाल व्यक्तिलाई नै अभियुक्त बनाइ मुद्दा दायर गर्दा अहिले सिराहा, सप्तरी, सर्लाही, बारालगायतका जिल्लाका सयौं गरिब तथा मजदुरहरू राज्यको नजरमा अपराधी ठहरिएका छन्, जसको नाममा १० धुर जग्गा पनि छैन, तिनीहरूले नै करोडौंको राजस्व हिनामिना गरेको ठहर भएको छ । तिनका नाममा खडा गरिएका कम्पनीबाट नक्कली भ्याट बिल किनेर कारोबार गर्ने 'बहुराष्ट्रिय कम्पनी' र ठूला कर्पोरेटहरू भने राज्यका उपल्लो निकायमा पहुँच, पकड र मिलेमतोका आधारमा उम्किँदै गएको अवस्था छ । केही कहलिएका चार्टर्ड एकाउन्टेन्ट (सीए) र कर्पोरेट वकिलहरूले यस्ता कर छलीमा सघाउने वा उनीहरूलाई कानुनी कारबाही तथा राजस्व तिर्नुपर्ने दायित्वबाट उम्काउने गरेका छन् । बहुचर्चित एनसेल लाभकर छली प्रकरणदेखि ठूला भ्याट बिल छली प्रकरणमा दोषी ठहरिएका कर्पोरेटहरूको कर व्यवस्थापन, लेखापरीक्षण र अदालती मुद्दामा संलग्न सीए र वरिष्ठ अधिवक्ता वा तिनको ल फर्म हेर्दा करिब १५/१६ जनाले समग्र कर संरचनालाई आफ्नो पकडमा राखेको कर प्रशासनसँग अधिकारीहरूको बताउँछन् । प्रायः ठूला कर छली प्रकरणमा एकपछि अर्को कम्पनीको लेखापरीक्षण र अदालतको मुद्दा 'व्यवस्थापन'मा त्यही समूहका व्यक्तिहरूले 'आलोपालो' सघाउने गरेको समेत देखिएको छ ।

राजनीतिक अस्थिरता र राज्यसँगको मिलेमतोमा कर छल्ने प्रवृत्ति बढ्दै गएको राजस्व अनुसन्धान विभागमा परेका उजुरी र विभागले दायर गरेका मुद्दाले पुष्टि गर्छ । आर्थिक वर्ष २०७४/७५ मा राजस्व छलीका ५५१ उजुरी परेकोमा आव २०७५/७६ मा यो संख्या बढेर ८५१ पुग्यो भने आव २०७६/७७ मा १ हजार ११४ वटा पुग्यो । आर्थिक वर्ष २०७६/७७ मा ४७७ वटा उजुरीको विस्तृत अनुसन्धान सकेर १४७ मुद्दा दायर गरिएको विभागले जनाएको छ, जसमध्ये राजस्व छलीका १०१ वटा मुद्दामा कुल बिगो दाबी १५ अर्ब ५९ करोड रुपैयाँ थियो भने गत आर्थिक वर्ष २०७७/७८ मा मात्र १९ अर्ब ८२ करोड रुपैयाँ राजस्व छलीका ८४ वटा मुद्दा विभागले दायर गरेको छ, यीमध्ये अधिकांश मुद्दा नक्कली भ्याट बिल प्रकरणसँग सम्बन्धित नै थिए । यो राजस्व अनुसन्धान विभागमा उजुरी परेर छानबिन गरिएको कर छलीको मात्र विवरण हो । कर छलीको उजुरी नै नपरेको, मिलेमतोमा

देखाउने गरेको व्यापारिक फर्मले असम्बन्धित व्यक्तिलाई नगद कमिसन खर्च देखाउने गरेको व्यापारिक छुट/बीजकमा छुट भने देखाउने नगरेको ।
- वारेन्टी खर्च दाबी गरेकोमा उत्पादकबाट प्राप्त हुने सोधभर्ना देखाउने नगरेको ।
- कर बीजक प्रयोग नगरी लुज बिलबाट बिक्री गर्ने गरेको ।
- बैक ऋणलाई अन्य भगिनी व्यवसायमा प्रयोग गरी ब्याज खर्च दाबी गर्ने गरेको ।
- सञ्चालकहरूले हरेक वर्ष कारखाना र व्यावसायिक फर्म थपिरहने तर सञ्चालकसम्बद्ध व्यवसाय निरन्तर नोक्सानीमा देखाउने गरेको ।
- सञ्चालक सम्बद्ध कम्पनीलाई न्यून मूल्यमा आपूर्ति गर्ने गरेको ।
- स्व-उपयोगलाई आयमा देखाउने नगरेको ।
- सक्कली बीजकको आडमा नक्कली कारोबार हुने गरेको अर्थात् भौतिक रूपमा आपूर्ति नगरी बीजकमात्र जारी गरी उक्त बीजकबाट कर कट्टी र खर्च दाबी गर्ने गरेको ।
- करतर्फ खरिद बिक्री वास्तविक कारोबार मूल्यमा नदेखाउन दुई प्रकारका खाता प्रयोग गर्ने गरेको ।
- व्यावसायिक मौज्दातको परिमाण र मूल्य वित्तीय हिसाब विवरणमा स्पष्ट रूपमा नदेखाउने गरेको ।
- उद्योग व्यवसायको गोदामको क्षमताभन्दा बढी मौज्दात रहेको विवरणमा देखाउने गरेको ।
- व्यापारिक फर्मले असम्बन्धित व्यक्तिलाई नगद कमिसन देखाउने गरेको, व्यापारिक छुट/बीजकमा भने देखाउने नगरेको ।
- वारेन्टी खर्च दाबी गरेकोमा उत्पादकबाट प्राप्त हुने सोधभर्ना रकम देखाउने नगरेको ।
- आयात निर्यातको कारोबार पूर्णरूपमा बैंकिङ प्रणालीमार्फत् हुने नगरेको ।
- पैठारी सूचना अभिलेख मूल्यलाई छल्ने नियतले मालवस्तुको छद्म नाम घोषणा गरी मूल्य फरक पार्ने गरेको
- न्यून भन्सार महसुल दर लाग्ने वस्तुमा अधिक गरी विदेशी मुद्रा अपचलन तथा सुविधा समेत लिने गरेको ।
- मालवस्तुको परिमाण फरक पारी कम परिमाण घोषणा गर्ने गरेको ।
- पैठारी गर्ने मालवस्तुको प्रतितपत्र खोल्दा हार्मोनाइट संकेत नाम मूल्य स्पष्ट खुलाउने नगरेको ।
- निकासी/पैठारी हुने मालवस्तुको बीजकमा विस्तृत विवरण उल्लेख गर्ने नगरिएको हुँदा वर्गीकरण सही हुन नसकेको ।
- गुणस्तरीय प्रयोगशाला परीक्षणको अभावमा मालवस्तुको सही पहिचान हुन नसकेको
- निकासी पैठारी हुने मालवस्तुको विवरण (परिमाण, मूल्य प्रकृति रूप आकार आदि) दरबन्दी फरक पारी न्यून राजस्व तिर्ने गरेको ।
- वास्तविक कारोबार खर्च देखाउने नगरेको ।
- कम भन्सार दर लाग्नेमा अधिक बीजकीकरण (ओभर इन्भ्वाइसिङ) र बढी भन्सार दर लाग्नेमा न्यून बीजकीकरण (अन्डर इन्भ्वाइसिङ) हुने गरेको ।
- तयारी वस्तुलाई टुक्र्याएर भाग (पार्टस्) को रूपमा फरक फरक प्रज्ञापनपत्र र ढुवानी साधनबाट ढुवानी गर्ने गरेको देखिएको छ ।

भइरहेको, प्रभावकारी अनुसन्धान नपुगेर राज्यको आँखा छलेर, कर प्रणालीलाई छलेर भइरहेका कारोबार अनुमान गर्न नसकिने अनुपातको छ।

महालेखा परीक्षकको प्रतिवेदनले पनि हरेक वर्ष ठूलो अनुपातमा राजस्व बक्यौता बढ्दै गएको औंल्याउँदै आएको छ। राजस्व बक्यौता भनेको देशको राजस्व प्रणालीले कायम गरेको, तर नतिरिएको बाँकी राजस्व रकम हो र अधिकांश राजस्व बक्यौता करसँग सम्बन्धित हुन्छ। आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्म देशले उठाउन नसकेको राजस्व अर्थात् राजस्व बक्यौता २ खर्ब १५ अर्ब ५६ करोड रुपैयाँ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ मा यस्तो बक्यौता १ खर्ब ९७ अर्ब ८४ करोड रुपैयाँ थियो भने २०७४/७५ मा २ खर्ब ५२ अर्ब १३ करोड थियो। आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार २०७६/७७ सम्म कर बक्यौता रकममध्ये ६६ अर्ब ९७ करोड रुपैयाँ आयकर, ३३ अर्ब ५२ करोड रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) र ३ अर्ब १७ करोड रुपैयाँ अन्त:शुल्क गरी कर बक्यौतामात्रै १ खर्ब ३ अर्ब ६७ करोड रुपैयाँ छ।

नेपालमा स्वघोषणामा आधारित कर प्रणाली अवलम्बन गरिँदै आइएको छ। करदाताले घोषणा गरेको करमा चित्त नबुझेमा आन्तरिक राजस्व विभाग, भन्सार विभाग वा ती मातहतका कर/भन्सार कार्यालयहरूले कर निर्धारण गर्ने गरेका छन्। करदाताहरूले भने यसरी निर्धारण गरिएको करमा पनि चित्त नबुझाएको खण्डमा पुनरावेदनमा जाने, त्यहाँबाट चित्त नबुझे राजस्व न्यायाधीकरण, पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा पुनरावेदनको मुद्दा हालेर वर्षौंदेखि कर नतिरी बक्यौतामा राख्ने प्रवृत्ति बढ्दै गएको छ। आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार २०७६/७७ सम्म ६१ अर्ब ४० करोड ५७ लाख रुपैयाँ बराबरको कर न्यायिक पुनरावेदनमा गएको देखिन्छ। बहुराष्ट्रिय कम्पनी बोटलर्स नेपालले ठूला करदाता कार्यालयद्वारा निर्धारण गरिएको आर्थिक वर्ष २०६६/६७ देखि ०६९/७० सम्मको करिब १४ करोड रुपैयाँ मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र आयकर नतिरी पुनरावेदनमा गएको छ, जुन रकम राजस्व बक्यौताका रूपमा आन्तरिक राजस्व विभागले अभिलेखित गरेको छ।

करदाताले स्वघोषणा गरेको आन्तरिक राजस्व विभागले चित्त नबुझाइ कर परीक्षण गर्दा असुल भएको रकम हेर्ने हो भने न्यून मूल्यांकन/स्वघोषणा हुने गरेको देखिन्छ। उदाहरणका लागि आव २०७२/७३ मा पूर्ण कर परीक्षणबाट ८ अर्ब २३ करोड र अनुसन्धानात्मक परीक्षणबाट थप ६३ करोड रुपैयाँ असुली भएकोमा आव २०७३/७४ मा पूर्ण कर परीक्षणबाट ७० अर्ब १० करोड र अनुसन्धानात्मक परीक्षणबाट १ अर्ब ७१ करोड रुपैयाँ थप राजस्व असुल भएको देखिन्छ। यसैगरी, आव २०७४/७५ मा पूर्ण कर परीक्षणबाट २३ अर्ब ८८ करोड र अनुसन्धानात्मक परीक्षणबाट १ अर्ब ६८ करोड रुपैयाँ थप राजस्व असुल भएकोमा आव २०७५/७६ मा पूर्ण कर परीक्षणबाट ५० अर्ब ७९ करोड र अनुसन्धानात्मक परीक्षणबाट ६ अर्ब ४५ करोड रुपैयाँ र आव २०७६/७७ मा पूर्ण कर परीक्षणबाट ४९ अर्ब ११ करोड र अनुसन्धानात्मक परीक्षणबाट २ अर्ब ९० करोड रुपैयाँ थप राजस्व असुल भएको देखिन्छ। यसरी हेर्दा औसतमा वार्षिक ५० अर्ब रुपैयाँजति न्यून कर मूल्यांकन गरेर राजस्व तिर्ने प्रवृत्ति देखिएको छ।

कर प्रणालीमा दर्ता भएकाहरूको संख्या बढ्दै गए पनि राजस्व असुली बढ्न नसक्नुका पछाडि पनि कर छल्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। मूल्य अभिवृद्धि कर (भ्याट)मा दर्ता भएकामध्ये करिब एक तिहाइले शून्य विवरण (अर्थात् कारोबार नै नभएको) र करिब ५० प्रतिशतले कारोबार क्रेडिट विवरण अर्थात् उल्टै कर फिर्ता पाउनु पर्ने विवरण बुझाउने गरेका छन्। विगत केही वर्षयता डेबिट विवरणको तुलनामा दोब्बर क्रेडिट विवरण बुझाउने गरेको देखिन्छ। सरकारलाई बुझाउनुपर्ने विवरण पेस गरी रकम दाखिला गर्न बाँकी देखाएको केही महिना पछि विवरण र कर

मुख्य कारोबारी अर्कै हुने, तर सर्वसाधारणका नाममा दर्ता भएका कम्पनीले नक्कली भ्याट बिल बनाइ कारोबार गर्दा राजस्व अनुसन्धान विभागले दर्तावाल व्यक्तिलाई नै अभियुक्त बनाइ मुद्दा दायर गर्दा अहिले सिरहा, सप्तरी, सर्लाही, बारालगायतका जिल्लाका सयौं गरिब तथा मजदुरहरू राज्यको नजरमा अपराधी ठहरिएका छन्।

नै नबुझाएको, केहीले निरन्तर रूपमा कारोबार नभएको विवरण बुझाइ कर नतिर्ने गरेको पाइएको छ। व्यक्ति र राज्यबाट उठाएको मूल्य अभिवृद्धि कर आफैँले घोषणा गरी दाखिला गर्नुपर्ने उल्लेख गर्ने व्यवसायीबाट बर्षौसम्म राजस्व असुल हुन नसकेको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा २२ प्रतिशत करदाताले मात्र डेबिट विवरण बुझाएका थिए। यसरी हेर्दा भ्याटमा दर्ता भएकामध्ये ७० प्रतिशतले कुनै न कुनै बहाना देखाएर कर नतिर्ने, कर तिर्नबाट उम्किने छिद्रहरूको प्रयोग गर्ने गरेको देखिन्छ।

देशको वैज्ञानिक भनिएको कर प्रणाली मानिएको भ्याट कार्यान्वयन हुन नसक्नु पछाडिको पनि मूल कारण यही हो। अनौपचारिक अर्थतन्त्रले देशको कुल अर्थतन्त्रको आधा हिस्सा ओगटेको अवस्थामा सरकारले जतिसुकै जोडबल लगाए पनि भ्याट अझै प्रभावकारी हुन नसक्नुको कारण पनि यही हो।

अर्थमन्त्रालयका अनुसार आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्म व्यावासयिक लेखा नम्बर (बिजनेस प्यान) लिनेको संख्या १५ लाख ७९ हजार ९४०, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका (पर्सनल प्यान) २४ लाख ७५ हजार १३१, अग्रिम कर कट्टी प्रयोजनका लागि स्थायी लेखा नम्बर लिएका ९ हजार ९९८ गरी आयकर प्रयोजनका लागि स्थायी लेखा नम्बर दिनेहरूको संख्या ४० लाख ६५ हजार ६९ जना छ। यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट)मा दर्ता भएका ३ लाख ६९ हजार ३५८ र अन्तःशुल्कमा दर्ता भएका १ लाख ४ हजार १०९ करदाता छन्। यीमध्ये वार्षिक ५० करोडदेखि १ अर्ब रुपैयाँबीचको आर्थिक कारोबार गर्ने मध्यमस्तरीय करदाताको संख्या ५९१ र वार्षिक १ अर्ब रुपैयाँभन्दा बढीको कारोबार गर्ने करदाताको संख्या ५७० छ।

आन्तरिक राजस्व विभागको विवरण केलाउने हो भने करिब २ प्रतिशत अर्थात् ३ हजार करदाताले कुल कर राजस्वको ९८ प्रतिशत कर तिर्ने गरेका छन् भने वार्षिक करिब १५० देखि २०० जनाको हाराहारीमा कर छलीका मुख्य अभियुक्तमाथि राजस्व अनुसन्धान विभागले छानबिन गरेर मुद्दा दायर गर्ने गरेको छ। विगत पाँच वर्षमा सो विभागले दायर गरेका मुद्दा हेर्दा वार्षिक औसतमा १५ देखि २० अर्ब रुपैयाँ बराबरको कर छली हुने गरेको पाइएको छ। देशभित्र राजनीतिक अस्थिरताको फाइदा उठाउँदै सत्ता र शक्तिसँग पहुँच बनाएर कर छली गर्ने समूह झन्झन् शक्तिशाली बन्दै गएको छ। कर छली गर्ने समूह कतिसम्म शक्तिशाली हुन्छन् भने कुनै ठूलो कर छली प्रकरणको आन्तरिक राजस्व विभाग वा सो विभागअन्तर्गतको ठूला, मध्यमस्तरीय कार्यालय, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन गर्न थालेमा सत्ता र शक्तिको पहुँच प्रयोग गर्दै ती निकायका प्रमुखको सरुवा गराइ मुद्दालाई कमजोर बनाउँछन्। यसका लागि प्रमुख सत्ता साझेदार दलका शीर्ष नेतासम्म तिनका पीए, पाले वा ड्राइभरमार्फत् पहुँच बनाउने, चन्दा दिने वा चन्दाको प्रलोभन दिने, सत्तामा चलखेल गर्नसक्ने प्रमुख नेताका दाजुभाइ-दिदीबहिनी, साला-साली, भान्जा-भान्जीसहित आफन्तलाई 'आकर्षक रोजगारी' दिने र तिनीहरूमार्फत् चलखेल गर्ने गर्छन्।

कर प्रणालीमा ४० लाख दर्ता भएको र व्यावसायिक स्थायी लेखा नम्बर लिनेको अनुपातमात्र १६ लाखको हाराहारीमा भए पनि वार्षिक करिब ७ लाख हाराहारीले मात्र नियमित आयकर विवरण दाखिल गरेर कर बुझाउँछन्, अर्थात् करिब आधा करदाताले आयकर विवरण नै बुझाउँदैनन्। आन्तरिक राजस्व विभागको विवरणअनुसार आर्थिक वर्ष २०७४/७५ मा आयकर नबुझाउने (ननफाइलर)हरूको अनुपात ४६ प्रतिशत रहेकोमा आव २०७५/७६ मा यो वृद्धि भइ ४८ प्रतिशत पुग्यो भने आव २०७६/७७ मा अझ बढेर ५० प्रतिशत पुग्यो। यस्तै अग्रिम कर कट्टी (टीडीएस) प्रयोजनका लागि करिब १० लाखले प्यान बनाएको भए पनि १ लाख ५० हजार जनाले मात्र टीडीएस विवरण बुझाउने गरेका विभागको तथ्यांकले देखाएको छ।

यो अवस्था देशको प्रमुख कर, मूल्य अभिवृद्धि करका हकमा अझ बढी छ। आर्थिक वर्ष २०७४/७५ मा मूल्य अभिवृद्धि कर (भ्याट) विवरण नबुझाउने (ननफाइलर)हरूको अनुपात करिब २४ प्रतिशत रहेकोमा आव २०७५/७६ मा यो वृद्धि भइ २५ प्रतिशत पुगेकोमा आर्थिक वर्ष २०७६/७७ मा भ्याटमा दर्ता भएकामध्ये झन्डै ३९ प्रतिशतले कर विवरण नै बुझाएका थिएनन्।

यसले करमा दर्ता हुनेहरूको संख्या बढे पनि कर नतिर्ने, छल्ने प्रवृत्ति बढेको संकेत गर्छ। विगत केही वर्षयता सरकारले राखेको लक्ष्यभन्दा औसतमा २ खर्ब रुपैयाँ कममात्र राजस्व असुल हुनुको मूल कारण पनि यही नै हो। देशको अर्थतन्त्रको आकार बढ्दै गएको, अर्थतन्त्रमा उपभोगको अंश पनि बढेको, उपभोगका लागि आयात बढेको अनुपातमा आमनागरिकको आय र क्रयशक्ति क्षमता बढेको आकलन गरिन्छ र त्यसका आधारमा कर उठ्ने वा उठाउन सकिने आधारको अनुमान गरेर सरकारले राजस्वको लक्ष्य राख्ने गर्छ, तर कर प्रणालीमा दर्ता भए पनि विभिन्न छिद्रको प्रयोग गरेर कर छल्ने प्रवृत्तिले राजस्व उठ्नसक्ने क्षमता एकातिर, असुली अर्कोतिर भइरहेको देखिन्छ।

राजस्वको औसत वृद्धिदर र हाम्रो कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को तुलनामा राजस्वको तन्कने क्षमता हेर्दा वास्तविक क्षमताभन्दा कममात्र राजस्व असुल भइरहेको देखिन्छ। कर परीक्षक र लेखापरीक्षकसमेतको मिलेमतोमा वास्तविक आय, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कलगायतका कर राजस्वभन्दा निकै कम मूल्यांकन गराइ सकभर कर तिर्दै नतिर्ने, तिर्नै परे पनि दशकौंअघि बनेका करसम्बन्धी कानुनहरूका अनेकन छिद्र (लुपहोल) बाट कर दायित्व कम गर्ने, कर छल्ने प्रवृत्ति बढ्दै गएको राजस्व अनुसन्धान विभाग र महालेखा परीक्षकका वार्षिक प्रतिवेदनहरूले देखाएका छन्। कर छल्ने प्रवृत्तिलाई नियन्त्रण गर्नका लागि राजस्व प्रशासनमा सुधारसँगै कर तिर्ने पद्धति बनाउन/बसाउन र बढाउन कर सचेतना बढाउनु र कर कानुनको पालनामा जोड दिनु उत्तिकै जरुरी देखिएको छ।

| विवरण | २०७२।७३ | २०७३।७४ | २०७४।७५ | २०७५।७६ | २०७६।०७७ |
|---|---|---|---|---|---|
| डेबिट विवरण प्रतिशत | १३.३० | १३.२५ | १४.०६ | २५.६० | २२.१७ |
| क्रेडिट विवरण प्रतिशत | ५१.११ | ५१.१४ | ५१.९७ | ४५.९० | ४८.३८ |
| शून्य विवरण प्रतिशत | ३५.५८ | ३५.६१ | ३३.९७ | २८.५० | २९.४५ |
| आषाढमा डेबिट (रू.अर्बमा) | ४४.८० | ४९.३२ | ६९.८५ | १२.६९ | ११.२३ |
| आषाढमा क्रेडिट (रू.अर्बमा) | २६.४० | २९.१६ | ३८.१९ | ३९.७४ | ४२.४० |
| क्रेडिट/डेबिट अनुपात (गुणा) | ०.५९ | ०.५९ | ०.५४ | ३.१३ | ३.७७ |

*अर्थ-राजनीतिक दिशानिर्देश*

# टकसार

www.taksarnews.com

वर्ष १, अंक ८, मंसिर २०७८ | Taksar Economic Magazine Vol. 1 Issue 8, Nov/Dec 2021 | मूल्य रू. २००/-




# कर छलीको फन्दा



**बोटलर्स नेपालका संस्थापक नकुल डी. कमानीसँग**
**विशेष अन्तर्वार्ता**

- अबको वैकल्पिक कर प्रणाली
  *–हरि रोका*
- "सीमित व्यक्तिले सेयर बजार कब्जा गर्न सक्दैनन्"
  *–अम्बिकाप्रसाद पौडेल*
- नक्कली अन्तःशुल्क स्टिकरको बिगबिगी

# कोकमाथि रु. ५ अर्ब कर छलीको फन्दा



|| गजेन्द्र बुढाथोकी

राजस्व अनुसन्धान विभागले २०७७ मंसिर २३ गते बोटलर्स नेपालमा छापा मारी आवश्यक दस्तावेजहरू कब्जामा लिएर नौ महिना लामो अनुसन्धान गरेको थियो। यसै क्रममा विभागले बोटलर्स नेपालका प्रबन्ध निर्देशक प्रदीप पाण्डेय, वित्त निर्देशक अशोक मण्डल, कम्पनी सचिव प्रतिमा बर्मा, सञ्चालक समितिका सदस्यहरूसहित अन्य उच्च पदस्थ कर्मचारीसँग पटक-पटक बयान लिएको थियो।




बहुराष्ट्रिय कम्पनी कोकाकोलाले नेपालस्थित बोटलिङ प्लान्ट बोटलर्स नेपाल लिमिटेड र बोटलर्स नेपाल (तराई) लिमिटेडको स्वामित्व किनबेच गर्दा करिब पाँच अर्ब रुपैयाँ कर छली गरेको पुष्टि भएको छ। नेपाल सरकार र यहाँका नियामकीय निकायलाई थाहै नदिइ पटक-पटक स्वामित्व किनबेच गर्दा नेपालको प्रचलित आयकर ऐनअनुसार तिर्नुपर्ने पुँजीगत लाभकर, आकस्मिक लाभकर र अग्रिम आयकर गरी पाँच अर्ब रुपैयाँ बराबरको कर छली भएको राजस्व अनुसन्धान विभागको ठहर छ।



किनबेचमा कर छली !

सन् १९९३, १९९९, २००४, २०११ र २०१४ मा पटक पटक नेपाल बाहिर गरियो बोटलर्स नेपालको स्वामित्व किनवेच।

करछलीको नालीबेली

भारतको कमानी समूह, सिंगापुरको फिजर एन्ड नीभ, दक्षिण अफ्रिकाको गुत्से परिवार र कोकाकोला एटलान्टाबीच बोटलर्स नेपालको ७६ प्रतिशत सेयर किनबेचको चक्र।

|| गजेन्द्र बुढाथोकी

सन् १९६० को दशक, नेपालको भूमि भर्खर-भर्खर विदेशीका लागि खुला गरिएको थियो। बेलायत पढेर आएका अधिराजकुमार वसुन्धारा शाहलाई बाह्य खानपिन र संस्कारले उत्तिकै छोएको पनि थियो। नेपालमा पनि विदेशीहरूले पिउने 'कोकाकोला' उत्पादन गर्ने उनको चाहना थियो र २०२९ साल (सन् १९७३ मा) कोकाकोला र अन्य पेय उत्पादन गर्ने कम्पनी, बोटलर्स नेपाल प्रालि दर्ता गराए। यसका तत्कालीन सञ्चालकहरूमा हिमालयविक्रम शाह,



राजस्व अनुसन्धान विभागले २०७७ मंसिर २३ गते बोटलर्स नेपालमा छापा मारी आवश्यक दस्तावेजहरू कब्जामा लिएर नौ महिना लामो अनुसन्धान गरेको थियो। यसै क्रममा विभागले बोटलर्स नेपालका प्रबन्ध निर्देशक प्रदीप पाण्डेय, वित्त निर्देशक अशोक मण्डल, कम्पनी सचिव प्रतिमा बर्मा, सञ्चालक समितिका सदस्यहरूसहित अन्य उच्च पदस्थ कर्मचारीसँग पटक-पटक बयान लिएको थियो। दुई पटक कम्पनीको सेयर स्वामित्व किनबेच हुँदा प्रमुख भूमिकामा रहेकी बोटलर्स नेपालकी अध्यक्ष भने विभागले अनुसन्धान सुरु गरेपछि नेपाल नै आएकी छैनन्। यसैगरी बोटलिङ इन्भेस्टमेन्ट ग्रुप अन्तर्गतको कोकाकोला भारत र दक्षिण पश्चिम एसिया (कोकाकोला इन्स्वा) का तर्फबाट प्रतिनिधित्व गर्ने भारतीय र अन्य विदेशी सञ्चालक पनि नेपाल आएका छैनन्। दुई जना नेपाली सञ्चालक सुरेन्द्र सिलवाल र नर्मदेश्वर नारायण सिंहमात्र उपस्थित भएर बयान दिएको विभाग स्रोतले बतायो। यस्तै, विज्ञ सञ्चालक त्रिलोचन उप्रेती

अमेरिका रहेकाले उनले प्रतिनिधिमार्फत् बयान दिएका छन् ।

राजस्व अनुसन्धान विभागले आफ्नो अनुसन्धान सकेर रायका लागि २०७८ भदौको अन्तिम साता नै सरकारी वकिलको कार्यालयमा अभियोजन फाइल पठाएकोमा त्यहाँबाट विभिन्न प्राविधिक कारण जनाउँदै सो फाइल विभागमा २०७८ मंसिरको ४ गतेसम्म फिर्ता गरिएको छैन । यद्यपि, मंसिरको दोस्रो साताभित्रै सबै प्रक्रिया टुंग्याएर अदालतमा अभियोजन दर्ता गर्ने तयारीमा राजस्व अनुसन्धान विभाग छ ।

## कूटनीतिक र राजनीतिक चलखेल

राजस्व अनुसन्धान विभागले अनुसन्धान अगाडि बढाएसँगै नेपालस्थित अमेरिकी राजदूतावासबाट विभागमा यसबारे चासो देखाइएको थियो भने पूर्व अर्थराज्यमन्त्री उदयशमशेर राणाले विभिन्न उच्च तहमा कोकाकोलाको अनुसन्धानबारे 'गहिरो चासो' देखाएको विभागसम्बद्ध स्रोतले टक्सारलाई बतायो ।

स्रोतका अनुसार कोकाकोला इन्स्वाको उपाध्यक्ष नियुक्त भएको केही समयपछि देवयानी राणा 'पारिवारिक भ्रमण' भन्दै नेपाल आएकी थिइन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर राणाकी छोरी देवयानीले 'पारिवारिक सम्बन्ध' प्रयोग गर्दै यो अनुसन्धानमा 'केही हुनसक्छ कि' भनेर पहल गरेको हुनसक्ने विभागका अधिकारीहरूको आशंका छ । अनुसन्धान एउटा चरणमा टुंगिइसकेको अवस्थामा पुगेकाले यस्तो चलखेलबाट केही असर नपरेको विभागका अधिकारीहरूको दाबी भए पनि भदौमा नै सरकारी वकिलको कार्यालयमा पठाइएको अभियोजनको फाइल दुई महिनाभन्दा बढी कुनै राय नदिइ अड्काइनुले आशंका बढाएको छ ।

## सुरुबाट नै किर्ते

२०३५ सालमा भारतीय उद्योगपति नकुल डी. कमानीले तत्कालीन अधिराजकुमारी हेलन शाहसँग साझेदारी गरी बोटलर्स नेपाललाई उद्योगका रूपमा स्थापना गरी कोकाकोला नेपालबाट उत्पादन गरे पनि उनलाई कहिल्यै यो कम्पनीको सञ्चालक समितिमा राखिएन । बालाजु र भरतपुरको प्लान्टमा गरी तत्कालीन मूल्यमा ५

**राजस्व अनुसन्धान विभागले आफ्नो अनुसन्धान सकेर रायका लागि २०७८ भदौको अन्तिम साता नै सरकारी वकिलको कार्यालयमा अभियोजन फाइल पठाएकोमा त्यहाँबाट विभिन्न प्राविधिक कारण जनाउँदै सो फाइल विभागमा २०७८ मंसिरको ४ गतेसम्म फिर्ता गरिएको छैन।**

करोड भारु लगानी गरिएको कमानीले टक्सार म्यागजिनसँगको अन्तर्वार्तामा बताएका छन् । मुख्य लगानीकर्ता कमानी नै भए पनि कम्पनी रजिष्ट्रारको कार्यालयमा रहेको दर्ता किताबमा पहिलो सञ्चालक समितिमा अधिराजकुमारी हेलन शाह, अधिराजकुमारी जयन्ती शाह, सहदेवशमशेर जबरा, विजयकुमार धारिवाल, प्रमोद अबोराय र रवि कस्यपको नाममात्र छ ।

"यतिमात्र भनौं, प्रिन्सेस हेलनसँग मेरो व्यावसायिक साझेदारी थियो । उहाँ र उहाँका तर्फबाट बोटलर्स नेपालमा प्रतिनिधित्व गर्नुहुने सहदेव राणा दुवैको निधन भइसकेकाले त्यसबेलाको व्यावसायिक साझेदारीका विषयमा धेरै भन्न चाहन्न," लामो प्रयासपछि टक्सारको सम्पर्कमा आएका कमानीले भने ।

कमानीले 'व्यक्तिगत र पारिवारिक कारणहरूले' सन् १९८३ मा नै आफूले बोटलर्स नेपालको कारोबार छाडिदिएको बताए। २६ वर्षको युवावयमा हौसिएर नेपालमा लगानी गर्न आएका कमानीले आफ्नो लगानी फिर्ता लैजान निकै संघर्ष नै गर्नुपर्‍यो । उनलाई नेपालबाट लगानी फिर्ता लैजान अनेकन् झमेला सिर्जना गरिएको र झन्डै तीन-चार वर्ष लागेको तत्कालीन समयमा कार्यरत रहेका एक पूर्वप्रशासकले जानकारी दिए। कमानीले भने यस विषयमा बोल्न चाहेनन् ।

"त्यो बेलाको शक्तिशाली राजदरबारको आफ्नै व्यावसायिक साझेदारी भएकाले सरकारी कागजातहरू बनाउन, सरकारी अधिकारीहरूसँग 'डिलिङ' गर्ने काम उहाँहरू (दरबारकै प्रतिनिधि)ले नै गर्नुहुन्थ्यो," कमानीले भने ।

मुख्य लगानीकर्ता कमानीकै लगानी र




प्रतिनिधित्व बोटलर्स नेपालमा नदेखाइएका कारण हालसम्म बोटलर्स नेपालका कति वैदेशिक लगानी भएको छ भन्ने औपचारिक लेखाङ्कन न उद्योग विभागमा भएको छ, न त नेपाल राष्ट्र बैंकमा नै। कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग र नेपाल राष्ट्र बैंकमा ८ महिनादेखि गरिएको पटक-पटकको सम्पर्कपछि ती निकायहरूका विदेशी लगानीकर्ता भनेर लगानीकर्ताका तर्फबाट प्रतिनिधि फेरिएको पत्राचारमात्र रेकर्डमा भेटियो भने औपचारिक लगानी प्रवाहको कुनै आधिकारिक दस्तावेज फेला परेन।

राजस्व अनुसन्धान विभागले पनि आन्तरिक रूपमा नै पुँजी उठाइ यहीं परिचालन गरिएको ठहर गरिएको छ। बोटलर्स नेपालले सन् २००४ र २०१४ मा पछिल्लो दुई पटक मुख्य स्वामित्व परिवर्तनपछि मात्र स्ट्यान्डर्ड चार्टर्ड बैंक र नबिल बैंकबाट करिब ६ अर्ब रुपैयाँ ऋण परिचालन गरी 'प्लान्ट विस्तार' गरेको अध्ययनबाट देखिएको छ। सन् २००४ मा दक्षिण अफ्रिकाको गुप्ते परिवारले बोटलर्स नेपालको स्वामित्व कोकाकोला साब्को एसिया लि.का नाममा किनेपछि सन् २००८ सम्ममात्र तत्कालीन मूल्यमा करिब ४ अर्ब रुपैयाँ (४ करोड ५० लाख अमेरिकी डलर) लगानी गरेको र बहिर्गमनपूर्व सन् २०१३/१४ मा तत्कालीन मूल्यमा अढाइ अर्ब (२ करोड ५० लाख अमेरिकी डलर) लगानी गरी भरतपुर प्लान्ट विस्तार गरेको दाबी गरेको छ।

सन् २००४ को अप्रिलमा गुप्ते परिवारले कोकाकोला एटलान्टाबाट नेपाल, श्रीलंका र भियतनामको बोटलिङ व्यवसाय २ करोड ९० लाख अमेरिकी डलरमा किनेको थियो। नेपालको मात्र कम्पनीको स्वामित्व १ करोड ४० लाख अमेरिकी डलरमा बेचिएको थियो। सो स्वामित्व किनबेचको पनि नेपाललाई तिर्नुपर्ने आकस्मिक लाभकर र अग्रिम कर तिरिएको थिएन। पछि यसबापत तिर्नुपर्ने कुल कर ६६ करोड ५० लाख ८१ हजार ६९१ रुपैयाँमध्ये लुम्बध्वज महत अध्यक्ष रहेको उच्चस्तरीय कर फछ्र्योट आयोगले २३ करोड रुपैयाँ तिर्नुपर्ने ठहर गरी बाँकी साढे ४३ करोड मिन्हा गराइदिएको थियो।

सन् २००७ मा बोटलर्स नेपाललाई पब्लिक लिमिटेड कम्पनीका परिणत गरी नेपाल स्टक एक्सचेन्जमा यसको कारोबार भइरहेको छ। यसको स्वामित्वमा हेरफेर हुँदा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जमा जानकारी दिइनु पर्छ। सन् २०१४ अक्टोबर २४ मा फिलिप्स गुत्थेको स्वामित्वबाट द कोकाकोला कम्पनी (टीसीसीसी)लाई बेचिएको पनि स्टक एक्सचेन्जमा पठाइएको पत्रमा भने मुख्य लगानीकर्ता कम्पनीको नाममात्र परिवर्तन भएको गलत जानकारी दिएर नेपाली नियामक निकायलाई अँध्यारोमा राख्न खोजिएको छ।




राजस्व अनुसन्धान विभागले यी दाबीहरूसमेत राखेर सन् २०१४ मा द कोकाकोला कम्पनी, एटलान्टाको लगानी संयन्त्र बोटलिङ इन्भेस्टमेन्ट ग्रुपले गुत्से परिवारबाट किनेको स्वामित्वको मूल्याङ्कन गरेको छ। "बहुराष्ट्रिय कम्पनीहरूको स्वामित्व किनबेच हुँदा अन्तर्राष्ट्रिय स्तरमा हुने मूल्याङ्कनको विधि प्रयोग गरेर अनुसन्धानबाट संकलित सबै प्रमाणहरूको आधारमा बोटलर्स नेपालको स्वामित्व किनबेचको मूल्यांकन गरी तिर्नुपर्ने करको आकार निकालिएको छ," विभाग स्रोतले भन्यो, "नेपालको प्रचलित आयकर ऐनअनुसार पुँजीगत लाभकर, आकस्मिक लाभकर र अग्रिम आयकरसमेत गरी करिब ५ अर्ब रुपैयाँ तिर्नुपर्ने विभागको ठहर छ, यसमा ब्याज र जरिवानाको हिसाब छुट्टै हुन्छ।"

महालेखा परीक्षकको ५८ औं वार्षिक प्रतिवेदनले भने सन् २०१४ मा नेपाल स्टक एक्सचेन्जमा भएको कारोबारको आधारमा तत्कालीन मूल्यमा पुँजीगत लाभकर, आकस्मिक लाभकर र अग्रिम आयकर निर्धारण गर्न सुझाव दिइएको थियो। महालेखाले पुँजीगत लाभकर गणना गर्नका लागि नेपाल स्टक एक्सचेन्जमा २०७१ मंसिरमा प्रकाशित गरेको औसत मूल्य प्रतिसेयर १ हजार ६६०को आधारमा ७६ प्रतिशतको सेयरको बिक्री मूल्य २ अर्ब ४६ करोड ३८ लाख ४० हजार र सो मूल्यमा बोटलर्स नेपाललाई २०६१ मा खरिदकर्ता कोकाकोला कम्पनीले तिरेको लागत खर्च घटाइ २ अर्ब १३ करोड ३ लाख रुपैयाँ पुँजीगत लाभ भएको ठहर गरेको थियो। नेपालमा रहेको स्थायी संस्थापना बोटलर्स नेपालबाट कट्टा गर्नुपर्ने १५ प्रतिशत अग्रिम कर ३१ करोड ९५ लाख ५१ हजार रुपैयाँ र आयकर ऐनको दफा ९६ बमोजिम आय विवरण पेस गरी लाग्ने २५ प्रतिशतसमेत लाग्ने कर ५३ करोड २५ लाख ८६ हजार रुपैयाँमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरेर कर निर्धारण र छानबिन गर्न निर्देशन दिएको थियो।

"महालेखाले भनेको सेयरको तत्कालीन बजार मूल्य पनि एउटा विधि हो, त्योभन्दा पर कम्पनीको मूल स्वामित्वको प्रचलित मूल्य, उसले आन्तरिक रूपमा परिचालन गरेको पुँजीसमेत जोडेर बोटलर्स नेपालले छली गरेको करको रकम निर्धारण गरिएको हो," विभाग स्रोतले भन्यो।

### के हो स्वामित्व किनबेच प्रकरण?

२०२९ सालमा अधिराजकुमारी हेलन शाहसहितको नाममा दर्ता भएको बोटलर्स नेपालले बहुराष्ट्रिय कम्पनी कोकाकोला नेपालबाट उत्पादन गर्ने अनुमति (फ्रान्चाइज) लिएको भए पनि कम्पनीसमेत खडा गरेको थिएन। २०३५ सालमा भारतीय उद्योगी नकुल कमानीले पाँच करोड भारु लगानी गरी बालाजु र भरतपुरमा बोटलर्स नेपालको बोटलिङ व्यवसाय सुरु गरेका थिए। कमानीले सन् १९८३ मा नै आफ्नो स्वामित्व अधिराजकुमारी हेलेनसहितलाई फिर्ता गरी भारत फर्किए।

नेपालको व्यवसायमा ९०को दशकपछि

कोकाकोला कम्पनी सोझै प्रवेश गऱ्यो । सन् १९८८ मा भारतीय बोटलिङ व्यवसाय पुनर्बहाली भएपछि सन् १९९२ जनवरी २७ मा अमेरिकास्थित मूल कम्पनीको उप-लगानी कम्पनी कोकाकोला साउथ एसिया इंकले बोटलर्स नेपालको स्वामित्व र कारोबार आफ्नो हातमा लियो । त्यसको केही समयपछि फिजर एन्ड नीभ (एफएन्डएन) सिंगापुरलाई नेपालसहितको बोटलिङ व्यवसाय बिक्री गरियो । सन् १९९७ मा एफएन्डमा द कोकाकोला कम्पनीको २५ प्रतिशत सेयर हिस्सा रहेकोमा उसले सन् १९९८ मा थप ७५ प्रतिशत सेयर पनि आफ्नो स्वामित्वमा लिएपछि बोटलर्स नेपालको शत प्रतिशत स्वामित्व द कोकाकोला कम्पनीमा फर्कियो ।

कोकाकोला साउथ एसिला इंकले सिंगापुरको फिजर एन्ड नीभ (एफएन्डएन) लाई सन् १९९७ मा बोटलर्स नेपालको स्वामित्व बेच्यो भने सन् १९९८ मा पुनः एफएनएनको ७५ प्रतिशत स्वामित्व द कोकाकोला कम्पनी, एटलान्टाले किनेसँगै पुनः बोटलर्स नेपालको स्वामित्व अमेरिका नै फर्कियो। सन् २००४ मा एफएन्डएन कोकाकोला पिटिइ लि. सिंगापुरको स्वामित्व अफ्रिकाको गुत्से परिवारलाई बेचियो ।

गुत्से परिवारले एसियाको बोटलिङ कारोबार सञ्चालनका लागि २४ फ्रेबुअरी २००४ मा दुबईको जाफ्जा अल फ्रि जोन (करमुक्त क्षेत्र)मा कोकाकोला साब्को एसिया लिमिटेड नामक अफसोर कम्पनी स्थापना गऱ्यो ।

सन् २००७ मा बोटलर्स नेपाल प्रालिलाई लिमिटेड कम्पनीमा परिणत गरी नेपाल स्टक एक्सचेन्जमा दर्ता गरियो भने सन् २००८ मा खेतान ग्रुप अन्तर्गतको म्युचुअल ट्रेडिङ कम्पनीलाई २२ प्रतिशत सेयर बिक्री गरियो। खेतान ग्रुपले सन् २०११ मा आफ्नो सेयर कार्ल्सबर्ग सिंगापुरको स्वामित्वमा रहने गरी गोर्खा ब्रुअरी प्रालिलाई बेच्यो।

सन् २०१४ को अक्टोबर २१ मा द कोकाकोला कम्पनी एटलान्टा र गुत्से परिवारबीच भएको 'डिल'पछि गुत्से परिवार आफ्नो स्वामित्व कोकाकोला कम्पनीको लगानी कम्पनी बोटलिङ इन्भेस्टमेन्ट ग्रुपलाई बेचेर बाहिरियो । यो स्वामित्व किनबेच प्रक्रियाको अमेरिकी वकिल फ्रांक लाइसनले नेतृत्व गरेका थिए ।

यसरी पटक-पटक नेपालका नियामक निकायलाई कुनै औपचारिक जानकारी नदिइ नेपालभित्र स्थापित, नेपालभित्रै कारोबार गरिरहेको कम्पनीको स्वामित्व किनबेच गरी नेपाललाई तिर्नुपर्ने पुँजीगत लाभकर, आकस्मिक लाभकर, अग्रिम आयकरलगायतका कर नतिरिएको विषयमा राजस्व अनुसन्धान विभागमा उजुरी परेपछि विभागले छानबिन गरेको हो । महालेखाको प्रतिवेदनमा भनिएको छ, "नेपालमा रहेको निकायको हितको मूल्य बढ्नु भनेको नेपालमै




सञ्चालित क्रियाकलाप र सम्पत्तिको मूल्यको कारण भएकाले त्यस्तो आयको स्रोत नेपाल नै हो ।"

## प्रतिरक्षक नियुक्त गर्दै कोकाकोला

गत वर्षको मंसिरबाट बोटलर्स नेपालमाथि राजस्व अनुसन्धान विभागले छानबिन सुरु गरेको, टक्सार आर्थिक म्यागजिन, लुम्बिनी सञ्चार.कम अनलाइन पत्रिकासहितका विभिन्न मिडियाबाट सो कम्पनीमाथि कर छानबिनको समाचार प्रकासित हुन थालेपछि कोकाकोला इन्स्वाले कानुनी र अन्य प्रतिरक्षाका लागि टोली तयार पार्न थालेको छ।

कम्पनी सचिव प्रतिमा बर्मा कर छली प्रकरणमा तानिने भएपछि अधिवक्ता डिल्लीराम

**२०१९ सालमा अधिराजकुमारी हेलन शाहसहितको नाममा दर्ता भएको बोटलर्स नेपालले बहुराष्ट्रिय कम्पनी कोकाकोला नेपालबाट उत्पादन गर्ने अनुमति (फ्रान्चाइज) लिएको भए पनि कम्पनीसमेत खडा गरेको थिएन। २०३५ सालमा भारतीय उद्योगी नकुल कमानीले पाँच करोड भारु लगानी गरी बालाजु र भरतपुरमा बोटलर्स नेपालको बोटलिङ व्यवसाय सुरु गरेका थिए। कमानीले सन् १९८३ मा नै आफ्नो स्वामित्व अधिराजकुमारी हेलेनसहितलाई फिर्ता गरी भारत फर्किए।**

श्रेष्ठलाई उनीभन्दा माथि 'कानुन प्रमुख' (हेड अफ लिगल)का रूपमा नियुक्त गरिएको छ । नेपाल इन्टरनेसल आर्बिर्टेसनल सेन्टरका सदस्य रहेका श्रेष्ठलाई कोकाकोलाको लगानी कम्पनी बोटलिङ इन्भेस्टमेन्ट ग्रुप तथा आसियान, साउथ प्यासिफिक हेर्ने कोकाकोलाका जनरल काउन्सिल इस्थर लिमलाई 'सोझै रिर्पोटिङ गर्ने' व्यवस्थासहित नियुक्त गरिएको हो ।

यसबाहेक सशस्त्र प्रहरीका पूर्वडीआईजी रामप्रसाद श्रेष्ठलाई पनि बोटलर्स नेपालको 'जनसम्पर्क' हेर्ने गरी नियुक्त गरिएको छ, जसलाई काम मुख्य रूपमा 'उच्च तहमा सम्पर्क बनाउने' मुख्य जिम्मेवारी दिइएको छ ।

## आन्तरिक राजस्व विभाग छुट्टै मूल्यांकनमा

राजस्व अनुसन्धान विभागले स्वामित्व किनबेच प्रकरणको मुद्दा अभियोजन अगाडि बढाएलगत्तै आन्तरिक राजस्व विभागले बोटलर्स नेपालसहितका कम्पनीको बक्यौता करहरू र अन्य लाभकरको पुनःमूल्यांकन गर्ने तयारी गरेको छ । बोटलर्स नेपालले आव २०६५/६६ देखिकै मूल्य अभिवृद्धि कर (भ्याट), आयकरसहितको बक्यौता कर नतिरी सो कम्पनी पुनरावेदनमा गएको छ, सो कम्पनीले करिब १२ करोड रुपैयाँ नतिरी लामो समयदेखि पुनरावेदनमा गएको देखिन्छ ।

"हामी राजस्व अनुसन्धान विभागले कुन प्रकारले मुद्दा अगाडि बढाउँछ, त्यो हेर्दैछौं । विभाग (आरा विभाग)को तर्फबाट गरिने, ठूला करदाता कार्यालयबाट गरिने ऋस परीक्षण बाँकी नै छ," विभागसम्बद्ध एक अधिकारीले भने, "बोटलर्स नेपालले बोटलर्स तराईका नाममा गरेको खर्च लेखांकन अमिल्दो पाइएको छ । कानुनी रूपमा दुवै फरक कम्पनी हुन्। यसको कर लेखापरीक्षण भइरहेको छ ।"

## 'कानुन पालना गर्छौं'

कोकाकोलाको मूल स्वामित्व सेयर नेपाल बाहिरै किनबेच भइ कर छलीका विषयमा जानकारी लिन टक्सार आर्थिक पत्रिकाले बोटलर्स नेपाल र मातृ कम्पनी कोकाकोला कम्पनीलाई इमेल लेखेको थियो । बोटलर्स नेपालका तर्फबाट विज्ञापन एजेन्सी प्रिज्मा एड्भर्टाइजिङले प्रत्युत्तर इमेलमा भनिएको छ- बोटलर्स नेपाल लि. देशका हरेक नियम र कानुनको उच्च सम्मान गर्दछ । कम्पनीको उच्च नैतिक मापदण्डको अलावा हाम्रा बलियो परिपालन कार्यक्रम र प्रक्रियाहरू छन्, जसले कुनै पनि विचलन वा अवज्ञामा शून्य-सहिष्णुता सुनिश्चित गर्दछ। हामी सम्बन्धित अधिकारीहरूलाई अनुसन्धानमा सहयोग गर्न प्रतिबद्ध छौं साथसाथै हामी यस मुद्दामा थप विवरणको पर्खाइमा छौं ।




# प्रिन्सेस हेलनसँग व्यापारिक साझेदारी थियो

भारतको जम्सेधपुरस्थित कमानी ग्रुप अफ इन्डस्ट्रिजका अध्यक्ष नकुल डी. कमानी, नेपालको पहिलो बहुराष्ट्रिय कम्पनी बोटलर्स नेपालका संस्थापक लगानीकर्ता हुन्। तत्कालीन अधिराजकुमार वसुन्धारा शाहले कोकाकोला नेपालमा उत्पादन गर्न कोकाकोला कम्पनीसँग अनुमति (फ्रेन्चाइज) लिएर राखेको भए पनि उत्पादन भने भएको थिएन। अधिराजकुमारी हेलन शाह (वसुन्धराकी श्रीमती, राजा वीरेन्द्रकी काकी)सँग २०३५ सालमा सम्झौता गरेर बोटलर्स नेपालमा ५ करोड भारु लगानी गरेका कमानीसँग टक्सार आर्थिक म्यागजिनका लागि प्रधान सम्पादक गजेन्द्र बुढाथोकीले लिएको अन्तर्वार्ताको सम्पादित अंशः

**तपाई नेपालको सम्भवतः पहिलो बहुराष्ट्रिय 'कर्पोरेट' लगानीकर्ता हुनुहुन्छ । जतिबेला तपाईंले नेपालमा लगानी गर्नुभयो, त्यसबेला तपाईं केवल २६ वर्षको हुनुहुन्थ्यो । आजभन्दा साढे चार दशक अगाडि नेपालमा लगानी गर्ने सोच कसरी आयो ?**

दुर्भाग्यवस भनौं या सौभाग्यवस, म सानै उमेरदेखि उद्योग व्यवसायमा संलग्न हुन थालेको हुं । मेरा पिताजीको मृत्युपछि मैले २० वर्षको उमेरदेखि उद्योग सम्हाल्न थालेको हुं । मेरा पिताजीले सन् १९६९ मा जम्सेधपुर (तत्कालीन भारतको बिहार राज्य, हालको झारखण्ड)मा स्टिल सिटी बेभरेज नाम गरेको कोकाकोलाको बोटलिङ प्लान्ट सुरू गर्नु भएको थियो । उहाँले सिधै कोकाकोला कम्पनी अमेरिकाबाट 'फ्रेन्चाइज' लिएर बोटलिङ प्लान्ट स्थापना गर्नुभएको थियो । सोही वर्ष नै उहाँको ३९ वर्षको उमेरमा निधन पनि भएको थियो । त्यो बेलामा मेरो उमेर १५-१६ वर्षको थियो होला । त्यसको चार वर्षभित्र मेरो काँधमा पारिवारिक जिम्मेवारी आइसकेको थियो र मैले २० वर्षको उमेरमा कोकाकोलाको फ्याक्ट्री सञ्चालन गर्न थालैं । परिवारको जेठो छोरा भएका नाताले पनि ममाथि जिम्मेवारी बढी थियो ।

त्यसबेला बिहार र झारखण्ड दुई वटा राज्य नभइ एकै राज्य (बिहार) थियो र जमसेधपुर बिहारमा पर्थ्यो । बिहारको बोर्डरमा थियो नेपाल । त्यस बेला नै नेपालको बजारमा पेय पदार्थको ठुलो बजार सम्भाव्यता देखिसकेको थिएँ र मैले जमसेधपुरको आफ्नो फ्याक्ट्रीबाट नेपालमा कोकाकोला बेच्न सुरू गरेँ, सन् १९७३ बाट । नेपालमा कोलाकोला बिक्री हुन्थ्यो, जुन भारतमा उत्पादन भइरहेको थियो ।

सन् १९७७ मा भारतमा जनता सरकार आयो, मोरारजी देशाईको नेतृत्वमा । देशाई र जर्ज फर्नान्डिसहरूले कोकाकोला कम्पनी र आईबीएम, यी दुई कम्पनीलाई भारतबाट निकाल्ने निर्णय गरे । जनता सरकारले यी दुई कम्पनीलाई –या त तपाईहरू 'इन्डियनाइज्' गर्नुस् वा इन्डिया छाडेर जानुस् भनेर आदेश दिए । यी दुवै कम्पनीहरू आफ्नो प्रविधिलाई 'इन्डियनाइज्' गर्न तयार थिएनन् । दुवै कम्पनीले भारत छाडेर जाने निधो गरे ।

म यसअघि नै कोकाकोला नेपालमा बेचिरहेको थिएँ र नेपालमा प्रिन्सेस हेलनसँग नेपालका लागि कोकाकोला उत्पादनको 'फ्रेन्चाइज' थियो । यद्यपि, उहाँहरूले न फ्याक्ट्री स्थापना गर्नु भएको थियो, न त फ्याक्ट्री सुरु गर्ने चासो नै कुनै थियो । प्रिन्सेस हेलनले बोटलर्स नेपाल दर्ता गरेर कोकाकोलासँग 'फ्रान्चाइज'को लाइसेन्समात्र लिएर राख्नु भएको थियो ।

नेपालमा मेरा एक नजिकका मित्र हुनुहुन्थ्यो, नमर्देश्वर नारायण सिंह (एनएन सिंह), जो कोकाकोलाका वितरक पनि हुनुहुन्थ्यो । वीरगन्ज बेस भए पनि उहाँले काठमाडौंमा कोकाकोला बेच्नु हुन्थ्यो । उहाँले कोकाकोलाको व्यवसाय विस्तार गर्न निकै मेहनत गर्नु भएको थियो । उहाँसँग यसअघि नै राम्रो सम्बन्ध त थियो नै, राजदरबार विशेषतः प्रिन्सेस हेलनसँग पनि मेरो राम्रो सम्बन्ध थियो, किनकी उहाँहरूसँग कोकाकोलाको फ्रेन्चाइज लाइसेन्स थियो । यस कारणले मेरो प्रिन्सेस हेलनसँग व्यावसायिक सम्बन्ध थियो ।

जब भारतमा कोकाकोला बन्द गर्ने जनता सरकारले निर्णय गर्‍यो । त्यसपछि मैले प्रिन्सेस हेलेनसँग कुरा गरेँ- "अब हामी यहाँ उत्पादन प्लान्ट स्थापना गरौं, यो राम्रो अवसर हो ।" उहाँले भन्नु भयो- "नकुलजी, हेर्नुस् हामीलाई यसबारे केही थाह छैन । उद्योग कसरी चलाउने, उत्पादन कसरी गर्ने केही थाह छैन ।" मैले उहाँहरूलाई "तपाईहरूले केही गर्नु पर्दैन, म फ्याक्टी लगाउँछु, चलाउँछु, तपाईहरूले केवल अनुमति मात्र दिनुस् ।" भनेर उहाँलाई कन्भिन्स गरेँ ।

**तपाईं यो व्यावसायिक 'डिल'का लागि पहिलो पटक कहिले नेपाल आउनु भएको थियो ?**

सन् १९७३ मा जब मैले नेपालमा कोकाकोला बेच्न थालेँ, त्यसपछि नै म हरेक वर्ष नेपाल आउने-जाने गरिरहन्थेँ । मिस्टर एनएन सिंहसँग मेरो त्यसबेला देखिकै सम्बन्ध हो । मैले सन् १९७८ मा प्रिन्सेस हेलनसँग भारतमा कोकाकोला बन्द भएका कारण अब नेपालमा फ्याक्ट्री सुरू गर्ने उपयुक्त समय हो भन्ने विषयमा कुराकानी गरेँ । उहाँहरूलाई उद्योगका बारेमा कुनै जानकारी थिएन, हुने कुरा पनि भएन । उहाँसँग सन् १९७९ मार्च २६ मा नेपालमा कोकाकोलाको नेपालमा बोटलिङ प्लान्ट स्थापना गर्ने सहमतिपत्रमा हस्ताक्षर भयो र त्यसबेला भर्खर स्थापना भएको बालाजु औद्योगिक क्षेत्रमा गएर मैले फ्याक्ट्री स्थापना गरेँ । पूरै प्लान्ट, मेसिनरी, फिल्टर, मिक्सर पश्चिम जर्मनीबाट आयात गरेँ । त्यसको एक वर्ष पनि नहुँदै हामीले उत्पादन सुरु गर्‍यौं ।

त्यसबेला भारतमा कोकाकोलाका २६ वटा बोलटरहरू थिए, नयाँ दिल्लीदेखि अन्य ठाउँमा ठूल्ठूला बोटलरहरू थिए, तर कसैले पनि यो काम (नेपालमा उत्पादन थाल्ने) बारे न सोचेका थिए, न कसैले गरेका थिए । त्यसबेलामा मेरो उमेर पनि कम थियो, केही नयाँ फरक गरौं भन्ने उत्साह पनि थियो । हामीलाई हामी जे पनि गर्नसक्छौं भन्ने लाग्थ्यो । त्यही जोश-जाँगर बोकेर नेपाल आएँ, प्रिन्सेस हेलेनसँग कुराकानी गरेँ । फ्याक्ट्री पनि सुरु गरेँ ।

त्यसको अर्को वर्ष त भरतपुरमा अर्को ठुलो प्लान्ट लगाएँ । सफलतापूर्वक कार्यसञ्चालन पनि भयो । बिस्तारै-बिस्तारै नेपालमा कोकाकोलाको व्यवसाय पनि फस्टाउँदै गयो ।

**त्यसबेला तपाईंले बोटलर्स नेपालमा कति लगानी गर्नुभएको थियो ?**

बोटलर्स नेपाल (काठमाडौं प्लान्ट) र बोटलर्स तराई (भरतपुर प्लान्ट) दुवैमा गरेर त्यस समय मैले ५ करोड भारतीय रूपैयाँ लगानी गरेको थिएँ । त्यसबेलाको मूल्यांकनमा हेर्ने हो भने यो निकै ठुलो लगानी हो । हामीले सुरुवात गरेको यो लगानीले नेपालका लागि विशेष अर्थ राख्दछ भन्ने मलाई लाग्छ ।

**त्यो बेला राजदरबारको कति लगानी थियो वा तपाईंले दरबारलाई कति प्रतिशतको सेयर दिनु भएको थियो ?**

हेर्नुस्, कतिपय कुरा 'बिजनेस सेक्रेट' हुन्छन्, जुन कुरा बताउन मिल्दैन । अब त उहाँहरू (प्रिन्सेस हेलनसहित)को पनि निधन भइसक्यो, धेरै कुरा नभनौं । यद्यपि, म केसम्म भन्छु भने प्रिन्सेस हेलन हाम्रो व्यावसायिक साझेदार हुनुहुन्थ्यो, उहाँले राजदरबारलाई प्रतिनिधित्व गर्नुहुन्थ्यो । राजदरबारकै संलग्नतासहितको व्यवसाय भएकाले नेपालमा व्यवसाय गर्नका लागि हामीलाई कुनै पनि खालको समस्या भएन ।



"मैले सन् १९७८ मा प्रिन्सेस हेलनसँग भारतमा कोकाकोला बन्द भएका कारण अब नेपालमा फ्याक्ट्री सुरु गर्ने उपयुक्त समय हो भन्ने विषयमा कुराकानी गरेँ । उहाँहरूलाई उद्योगका बारेमा कुनै जानकारी थिएन, हुने कुरा पनि भएन ।



"प्रिन्सेस हेलन हाम्रो व्यावसायिक साझेदार हुनुहुन्थ्यो, उहाँले राजदरबारलाई प्रतिनिधित्व गर्नुहुन्थ्यो। राजदरबारकै संलग्नतासहितको व्यवसाय भएकाले नेपालमा व्यवसाय गर्नका लागि हामीलाई कुनै पनि खालको समस्या भएन। नेपालको पञ्चायतीराजमा लाइसेन्स र अन्य अनुमतिहरू (पर्मिसन्स) मा हामीलाई कुनै पनि समस्या भएन।

नेपालको पञ्चायतीराजमा लाइसेन्स र अन्य अनुमतिहरू (पर्मिसन्स)मा हामीलाई कुनै पनि समस्या भएन । निकै सहजतापूर्वक सरकारी अनुमति, स्वीकृति लगायतका काम हुन्थे । प्रिन्सेस हेलेनका तर्फबाट अन्नपूर्ण होटलका प्रबन्ध निर्देशक सहदेव राणाले बोटलर्स नेपालको कारोबार हेर्नु हुन्थ्यो । अन्नपूर्ण होटल पनि उहाँ (प्रिन्सेस हेलन)कै थियो । म सहदेव राणाजीसँग नजिक रहेर काम गर्थें भने राणाजीले नै सरकार, सरकारका विभागहरूसँग समन्वय गर्नुहुन्थ्यो । अर्का नेपाली लगानीकर्ता हुनुहुन्थ्यो, विजय धारिवाल । उहाँ व्यवस्थापनमा नभए पनि स्थानीय लगानीकर्ताका हिसाबले सरकारसँग, सरकारका अधिकारीहरूसँग समन्वय गर्ने गर्नुहुन्थ्यो ।

**हाम्रो जानकारीमा भएसम्म, नेपालमा कोकाकोला यात्राको बारेमा खोजीका क्रममा तपाईंले तत्कालीन राजा श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकमा १०० केस कोकाकोला उपहारमा पठाउनु भएको थियो । यसबारे प्रस्ट पारिदिनुस न ।**

नेपालमा महाराजाधिराजको शुभराज्याभिषेक भनेको निकै ठुलो कुरा हो । यो निकै महत्वपूर्ण अवसर हो, हाम्रो जीवनकालमा यस्ता अवसर केवल एक पटकमात्र देख्न सक्छौं । त्यसबेला मैले जमसेधपुरबाट कोकाकोला नेपाल पठाउन थालिसकेको थिएँ । मलाई प्रिन्सेस हेलनमार्फत् शुभराज्याभिषेकको खबर (निम्तो) प्राप्त भएपछि मैले सानो उपहारस्वरूप १०० केस कोकाकोला पठाएको थिएँ र म आफै पनि श्री ५को शुभराज्यभिषेकमा सहभागी भएको थिएँ । यो उपहार ठुलो कुरा थिएन, तर राजदरबारबाट यसको निकै सराहना प्राप्त भएको थियो ।

**मैले सुनेको थिएँ कि दरबारका कार्यक्रमहरूमा भीआईपी अतिथिहरूलाई कोकाकोला विशेष रूपमा पेश गरिन्थ्यो...**

हो, तपाईंले सुन्नु भएको कुरा सत्य हो । कोकाकोला लामो समयदेखि सबैभन्दा लोकप्रिय बेभरेज त थियो नै । आजभन्दा पचास वर्षअघि नै यो लोकप्रिय भइसकेको थियो । नेपालमा कोकाकोला उत्पादन हुनुभन्दा अगाडि नै हामीले भारतबाट यो उत्पादन नेपालमा पठाउन थालिसकेका थियौं । नेपालका कोकाकोला उत्पादन नहुँदा यो सभ्रान्त परिवारको टेबलमा पस्किइने सीमित वस्तुमा पर्नु स्वभाविक पनि थियो । दरबारका आयोजना, कार्यक्रमहरूमा कोकाकोला प्रस्तुत गरिनु सम्मान (प्रेस्टिज)को कुरा भइसकेको थियो ।

**त्यसबेला कारोबार पनि सानो थियो । बजार पनि सानो थियो । नेपाली बजारमा पाँच करोड भारूको लगानी गर्नुभएको थियो । तपाईंलाई ब्रेक इभेनमा आउन कति समय लाग्यो ?**

हामीले प्लान्ट लगाएको एक-डेढ वर्षमै दुवै प्लान्टबाट उत्पादन गर्न थालिसकेका थियौं । कारखानाबाट प्रतिमिनेट ८० बोतलका दरले कोकाकोला उत्पादन हुन्थ्यो । त्यतिबेला नेपाली बजारमा कोकाकोलाको मूल्य प्रतिबोतल १ रूपैयाँ ४० पैसा राखिएको थियो, प्रति केस (२४ बोतल)को मूल्य २५ रूपैयाँ थियो । कोकाकोलामात्र नभएर कुनै पनि सफ्टड्रिंकको व्यवसाय यति विकसित हुँदै गएको छ, परिवर्तन हुँदै गएको कि यसको लगानी र प्रतिफल आकलन गर्न गाह्रो हुन्छ । त्यसबेला ५० प्रतिशत लगानी प्लान्ट र मेसिनरीमा हुन्थ्यो भने ५० प्रतिशत लगानी बोतलमा हुन्थ्यो । त्यो समयमा बोतलमा लगानी निकै ठुलो थियो । अहिले तपाई हेर्नुहुन्छ भने विश्वव्यापी रूपमा नै बोटलिङ व्यवसायमा बोतलमा हुने लगानी केवल १० प्रतिशत मात्र छ, किनकी अहिले ठुलो परिणामको उत्पादन भेन्डिङ मेसिनमा बिक्छ, पीभीसी प्याकमा बिक्छ, रेडिमेड क्यानमा बिक्छ । पूरै व्यवसायको लगानी संरचना नै परिवर्तन भइसकेको छ । हामीले उत्पादन गर्दा प्रतिमिनेट ८० बोतल थियो भने अहिलेको आधुनिक प्रविधिका मेसिनहरूले गर्दा प्रतिमिनेट ८-९ सय बोतल उत्पादन हुन थालेको छ ।

त्यस हिसाबमा कुरा गर्दा हामीलाई ब्रेक इभेनमा आउनमा करिब पाँच वर्ष लाग्यो । भरखर बढ्दै गरेको बजारमा हामीले निकै मेहनत गर्नु परेको थियो । बिस्तारै यसलाई मानिसको जीवनचर्यासँग जोड्दै लग्यौं ।

**तपाईंले कति वर्षसम्म बोटलर्स नेपालको व्यवसाय सञ्चालन गर्नु भयो?**

मैले सन् १९८३ सम्म बोटलर्स नेपालको सञ्चालन, व्यवस्थापन जिम्मा लिएको थिएँ । त्यसपछि मेरा केही परिस्थितिहरू यस्ता भए कि मैले चाहेर पनि नेपालको व्यवसाय हेर्न सकिन । म विभिन्न कारणले यात्रा धेरै गर्न असमर्थ भएको थिएँ । म इन्डियाकै व्यवसायमा बढी केन्द्रित हुन थालें । बिस्तारै मैले बोटलर्स नेपालको व्यवसायबाट

अलग हुने निर्णय लिएँ ।

**सन् १९८३ मा नेपालको व्यवसाय छाड्दा तपाईंले आफ्नो सेयर कसलाई बेच्नु भयो ?**

मैले मेरो सेयर र स्वामित्व सबै प्रिन्सेस हेलनलाई नै जिम्मा लगाएको थिएँ । ठूलो हिस्सा उहाँले लिनु भयो, बाँकी (विजय) धारिवालले लिनु भयो ।

**तपाईंले छाडेपछि बोटलर्स नेपालको सेयर स्वामित्व बारम्बार किनबेच हुँदै गएको छ, यसबारे के भन्नु हुन्छ ?**

हेर्नुस्, यसबारे मेरो कुनै प्रतिक्रिया छैन । म त्यो व्यवसायबाट पूर्ण अलग भइसकेपछि के भइरहेछ भन्ने चासो राख्ने कुरा पनि भएन ।

**यदि अहिलेको बोटलर्स नेपालको कारोबार हेर्ने हो भने ९-१० अर्बको कारोबार देखिन्छ, यसलाई त्यसबेलाको कारोबारसँग तुलना गर्ने हो भने ३-४ अर्ब रूपैयाँको कारोबार त थियो होला, यस्तो मुनाफा भएको क्षेत्र कसरी छाड्नु भयो ?**

नेपालको व्यवसायबाट बाहिरिनु पर्ने कुरा त मैले बताइसकेँ । यसमा मेरा आफ्नै केही बाध्यताहरू पनि थिए । अझ भन्नु पर्दा नेपालसँग मेरो भावनात्मक सम्बन्ध हुँदाहुँदै पनि मैले यहाँको व्यवसायलाई छाड्नु परेको हो । अहिलेलाई यतिमात्र भनौं ।

**नेपालको व्यवसायबाट अलग भए पनि तपाईंले भारतमा भने सफ्टड्रिंक उत्पादन व्यवसाय जारी राख्नु भयो ?**

त्यो मेरा पिताजीले सुरु गर्नु भएको उद्योग थियो । भारतबाट कोकाकोला गएपछि हामीले पेप्सिकोसँग सहकार्य गरेर उत्पादन गर्न थाल्यौं । भारतमा सन् १९९२ मा कोलाकोला बाहिरिएको थियो र त्यसबेला पेप्सी आयो । उसलाई पनि बोटलरको खाँचो थियो र हामीले सहकार्य गर्‍यौं । हामीले सन् २००० सम्म पेप्सीको बोटलिङ गर्‍यौं । त्यसबेला हामी पेप्सीमात्र नभइ अन्य पेय पनि उत्पादन गर्दै थियौं ।

सन् २००० पछि म सफ्टड्रिंक व्यवसायबाट पूर्ण अलग भएर इन्जिनियरिङ, स्टिल, अटोमोटिभ र शिक्षा यी तीन क्षेत्रमा केन्द्रित हुन थालेँ । अहिले शिक्षा क्षेत्रतर्फ मैले तीन वटा शिक्षालय सञ्चालन गरिरहेको छु, जहाँ साढे तीन हजार विद्यार्थीहरू अध्ययन गर्छन्, तीमध्ये करिब १२०० बालबालिकालाई हामी निःशुल्क पढाउँछौं । यसले हामीलाई अधिक सन्तुष्टि प्राप्त हुन्छ ।

**जुन बेलामा तपाईं यताको व्यवसायमा हुनुहुन्थ्यो, केही समयपछि नै राजीव गान्धीको समयमा नेपालमाथि भारतले नाकाबन्दी लगाएको थियो । यसले के असर पार्‍यो ?**

नाकाबन्दीले नेपालमा कोकाकोलाको व्यवसायमा कुनै असर भने परेन, किनभने हामी सन् १९७८ सम्म यताबाट निर्यात गर्थ्यौं । भारतबाट कोकाकोला बाहिरिएपछि र नेपालबाट उत्पादन थालिएपछि उल्टै नेपालबाट भारततर्फ कोकाकोला आउँथ्यो ।

**भारत र नेपाल दुवै देशमा आर्थिक उदारीकरण सुरू हुनुभन्दा पहिला, नेपाल राज्यनियन्त्रित अर्थव्यवस्था भएका बेला नेपालमा आएर विदेशी लगानी गर्दाका केही अनुभव बताउनुस् ।**

त्यस समयमा नेपालमा उद्योग नै थिएनन् भने पनि हुन्छ । केही साना-घरेलु उद्योगहरू थिए । नेपालमा व्यापारको काममात्रै हुन्थ्यो । नेपालमा 'ट्रान्जिट बिजनेस' फले-फूलेको थियो । तेस्रो देशबाट वस्तु ल्याएर भारतमा तस्करी (स्मग्लिङ) को काम निकै चल्थ्यो । उद्योगको वातावरण नै थिएन । जब हामीले पहिलो उद्योग सुरु गर्‍यौं, त्यो यस्तो उद्योग थियो, जसमा कुनै गडबडी थिएन, हेराफेरी थिएन ।

नेपालसँग मेरो निकै लगाव थियो । यसका पछाडि केही कारण छन्, पहिलो कुरा त नेपाल बिहारबाट नजिकै पनि थियो । हामीलाई जानआउन सजिलो थियो । दोस्रो कुरा राजदरबारसँग सम्बन्धका कारण नेपालमा हामीलाई व्यवसाय गर्नका लागि निकै सहजीकरण गरिएको थियो । मलाई नेपाल निकै मन पर्ने देश हो भन्दा फरक पर्दैन । म वर्षमा ४-५-६ पटक आउने जाने प्रयास गर्थें । हरेक पटक साता-दस दिन नेपालमा बस्थें । त्यो बेला व्यवसाय गर्न पनि सहज थियो । नेपालमा व्यवसाय गर्न सम्भाव्यता पनि छ ।

**जसरी तपाईंले नेपालमा व्यावसायिक सम्भाव्यता छ भन्नु भयो । तपाईं नेपालको पहिलो कर्पोरेट बहुराष्ट्रिय लगानीकर्ता भएका नाताले नेपालमा कम वैदेशिक लगानी हुनुका कारण के देख्नु हुन्छ?**

जुनसुकै मुलुकका लगानीकर्ताले पनि सम्बन्धित मुलुकले लगानीका लागि के कस्तो सहुलियत दिन्छ ? लगानी सहजीकरणको वातावरण के छ भनेर हेर्छ । यसका साथै बजारको कुरा त प्रमुख हो नै । नेपालले गरेका व्यवस्था पनि कम त छैनन, तर यसमा सुधार गर्ने हो भने अझै पनि लगानी आउन सक्छ ।

**अघि तपाईंले नै पञ्चायतकालमा नेपालबाट भारततर्फ हुने तस्करीको कुरा गर्नु भयो, भारतमा पनि त्यो बेला 'स्मग्लरहरूको छुट्टै राज थियो । ९०को दशकपछि खुला अर्थतन्त्रमा यसले नियन्त्रण गरे पनि अस्वस्थ्यकर व्यवसाय बढेको देखिन्छ । स्वच्छ व्यवसायलाई यसको असर के परेको छ?**

यो गम्भीर विषय हो । मेरो व्यक्तिगत कुरा गर्नुहुन्छ भने म स्वच्छ व्यवसायमा विश्वास राख्दछु र मेरा सबै सञ्चालन (अपरेसन)हरू त्यसतर्फ नै बढी केन्द्रित छन् । सरकार बलियो हुने, प्रशासनतन्त्रमा बलियो पालना गराउने हो भने यसमा कमी आउँछ भन्ने मलाई लाग्छ ।

**अन्त्यमा, तपाईं अन्तिम पटक नेपाल कहिले आउनु भएको थियो? फेरि कहिले आउन चाहनु हुन्छ?**

म करिब पाँच वर्षअघि व्यावसायिक सिलसिलामा नेपाल आएको थिएँ । त्यसबेला त राजदरबार हत्याकाण्ड भइसकेको थियो, प्रिन्सेस हेलनसहित मेरा पुराना मित्र सहदेव राणाको पनि निधन भइसकेको थियो । नेपालसँग मेरा धेरै मीठा सम्झनाहरू छन् । आउँदो वर्ष नेपालमा हुने विशेष समारोहमा आउनु हुन्छ कि भन्ने मलाई अनौपचारिक रूपमा सोधिएको थियो । औपचारिक रूपमा बोलाइयो भने आउन सक्छु ।



“ मलाई प्रिन्सेस हेलनमार्फत् शुभराज्याभिषेकको खबर (निम्तो) प्राप्त भएपछि मैले सानो उपहारस्वरूप १०० केस कोकाकोला पठाएको थिएँ र म आफै पनि श्री ५को शुभराज्यभिषेकमा सहभागी भएको थिएँ। यो उपहार ठूलो कुरा थिएन, तर राजदरबारबाट यसको निकै सराहना प्राप्त भएको थियो।